# अध्याय एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सामाजिक सांस्कृतिक परिवर्तनको प्रमुख कारक तत्व शिक्षा नै हो । शिक्षाले मानिसको चेतना र मनोवृत्तिमा परिवर्तन ल्याउँछ । साथै यसले सामाजिक सम्बन्धहरूमा पनि परिवर्तन ल्याउँछ । शिक्षाको प्रमुख उद्देश्य नै मानिसको व्यक्तित्व, जीवन र जीवनशैलीमा परिवर्तन ल्याउनु हो । वास्तवमा शिक्षाबाट मानिसको सामाजिक र सांस्कृतिक धरातल निर्माण हुने परिमार्जित हुने र परिवर्तन हुने गर्दछ ।

आदिम कालमा शिक्षा सामाजिक परिवर्तनभन्दा सामाजिक नियन्त्रणको लागि दिइने गरिन्थ्यो । तर वर्तमान युगमा शिक्षा सामाजिक र सांस्कृतिक परिवर्तनको सशक्त माध्यम बन्न गएको छ । वर्तमान युगको शिक्षा भनेको विज्ञान शिक्षा, प्राविधिक शिक्षा व्यवसायिक शिक्षा तथा अनेकौ प्रकारका विशेषीकृत क्षेत्रको शिक्षा भन्ने बुझिन्छ । वास्तवमा आदिम युगमा शिक्षा विज्ञान र प्रविधि विकासका माध्यमहरूको स्रष्टा हो । समाजशास्त्री फ्रान्सिस जे ब्राउनका अनुसार- *"शिक्षा त्यो प्रकृया हो, जसले सामाजिक व्यवहारमा परिवर्तन ल्याउँदछ । शिक्षाका कारणले परम्परागत अन्धविश्वास रुढीवादिता, कुरीति, कुसंस्कार लगायत अभौतिक संस्कृति माथिको विश्वासमा ठूलो परिवर्तन हुन जान्छ । शिक्षाका कारणले नै अर्ध विकसित वा विकासोन्मुख समाजहरूमा महिलाहरूको स्थितिमा परिवर्तन हुन पुग्दछ ।"* त्यस्तै गरी पेटर ब्स्ले लेख्छन्- *"शिक्षाबाटै समाज प्रतिविम्वित हुने गर्दछ र शैक्षिक परिवर्तनपछि नै सामाजिक परिवर्तन आउने गर्दछ"* (शर्मा, १९७७) । समाजमा भएको शैक्षिक अवस्थाले नै त्यो समाजको विकासको अवस्थालाई निर्धारण गर्ने गर्दछ । शिक्षाका कारणले सामाजिक गतिशिलता बढ्दछ । उद्योग र प्रविधिका निम्ति दक्ष जनशक्ति प्राप्त गर्न सकिन्छ । आधुनिक युगमा शिक्षा नै त्यो माध्यम हो, जसले मानिसको स्थिति, पद, प्रतिष्ठा र स्तरलाई निर्धारण गर्दछ (शर्मा, १९७७) । समग्रमा समाजशास्त्रीहरूको भनाईबाट यो निष्कर्ष निस्कन्छ कि विकाशोन्मुख मुलुकहरूका निमित्त शिक्षा विकसित सामाजिक स्थितिमा पुऱ्याउने सामाजिकीकरणको योजनाबद्ध प्रकृया हो ।

यस्तो योजनाहरू सामाजिकीकरणको प्रकृयामा राज्य र निर्जीव क्षेत्रबाट पनि तोकिएको ढाँचा र पाठ्यक्रमका आधारमा विद्यालय सञ्चालन र शिक्षण अभ्यास चलाइरहेका छन् । सरकारी विद्यालयको खर्चको दायित्व सरकारले व्यहोर्ने र निजी विद्यालयको खर्चको दायित्व निजी रुपमा विद्यार्थीबाट नै उठाइने हुँदा आर्थिक रुपमा अभिभावकलाई सरकारी भन्दा निजी विद्यालय महङ्गो पर्न जान्छ तर पनि एउटै समुदायमा सरकारी र निजी विद्यालय सञ्चालन हुँदै आएका छन् र सरकारीको भन्दा बढी आर्थिक दायित्व बहन गर्दै निजी विद्यालयमा विद्यार्थीको चाप देखिएको छ । आखिर बढी शूल्क तिरेर निजी विद्यालयमा विद्यार्थीको चाप बढ्दै जानु र सरकारी विद्यालयमा चाप घट्दै जानुका मूल सामाजिक कारण के हुन् त भन्ने विषयमा खोज गर्नु पर्ने आवश्यक ठानिएकोले र विद्यालय रोजाइमा प्रभाव पार्ने सामाजिक कारक पहिचान गर्न सकेमा सामाजिक मनोविज्ञान निर्माणका आधार केलाउन सकिने भएकाले यो अध्ययन कास्की जिल्ला पोखरा लेखनाथ महानगरपालिका स्थित सिमलचौरको इनद्रपुरी टोलका अभिभावकहरूमा आधारित भई गरिएको छ ।

## १.२ समस्याको कथन

मानव सभ्यता र संस्कृतिको विकास सँगसँगै शिक्षाको पनि क्रमिक विकास भएको हो । शिक्षा मानवजीवन संचालनको अभिन्न अंगका रूपमा उपयोग भएको हुन्छ । शिक्षाको शुरुवात प्राचीन समयमा वैदिक धर्मबाट अनुप्राणित संस्कृत शिक्षा परम्परा र बौद्धधर्मबाट अनुप्राणित बौद्ध शिक्षा परम्परा गरी दुई भागमा विभाजित थियो । प्राचीनकालीन शिक्षा वेद, व्याकरण, न्याय, दर्शन र ज्योतिषशास्त्रमा केन्द्रित रहेको थियो । यसैको क्रम सँगसँगै शैक्षिक विकासलाई अगाडि बढाउन मल्लकालमा गुठीको व्यवस्था गरेको शैक्षिक इतिहास साक्षी छ । प्राचीन समयपश्चात् आधुनिक नेपालका निर्माता पृथ्वीनारायण शाहको कालखण्डमा शिक्षामा भन्दा युद्धमा बढी समय दिइएको र युद्धका लागि सैनिक तालिम र मृत सैनिकका छोराछोरीलाई मरवट नीति र छात्रवृत्तिको व्यवस्थाबाट राज्यको शिक्षामा भूमिका आरम्भ भएको मानिन्छ ।

शिक्षा आर्जन गर्न पाउनु नागरिकको नैसर्गिक अधिकार हो । नेपालको अन्तरिम संविधान २०६३ मा पनि शिक्षालाई मौलिक हक अन्तर्गत राखिएको छ । विचारको आदानप्रदान गर्ने, वौद्धिकतामा प्रदर्शन गर्ने, देश विकासमा टेवा पुऱ्याउने, जनतालाई सभ्य र चेतनशील,

सुयोग्य नागरिक तयार पार्ने, औद्योगिकरण र आय आर्जन वृद्धिको विकास शिक्षाका माध्यमबाटै हुन्छ ।

राणाकालीन युगको प्रारम्भमा राणाकालीन सोच शिक्षामा थिएन । शिक्षा सम्भ्रान्त वर्गमा केन्द्रित थियो जनसहभागिताको कुनै अर्थ थिएन । जंगबहादुर राणा प्रधानमन्त्री भएको समयमा वि.सं. १९०७ तिर उनले बेलायत भ्रमण गरी फर्केपछि आफ्ना भाइभारदारका छोराछोरीलाई पढाउनका लागि औपचारिक रूपमा वि.सं. १९१० मा दरबार हाइस्कुलको स्थापना गरेको पाइन्छ । यो नै नेपालको शैक्षिक इतिहासको पहिलो विद्यालय हो । यसैगरी समुदायको सहयोगमा भोजपुरका बालब्रह्मचारी बालगुरु षडानन्दले सञ्चालन गरेको दिङ्गला पाठशाला पनि शिक्षा क्षेत्रको अर्को विकसित संस्था थियो (शर्मा, १९७७) ।

शिक्षा विकासलाई उच्च शिक्षा प्रदान गर्ने थलोको रूपमा राणा प्रधानमन्त्री चन्द्रशमशेरले त्रिचन्द्र कलेजको स्थापना गरेका थिए । सबैका छोराछोरीले पढ्न लेख्न पाउन् भन्ने उद्देश्यका साथ सर्वप्रथम निजी क्षेत्रमा पनि विद्यालय खोल्न पाउने गरी प्रधानमन्त्री जुद्धशमशेरले व्यवस्था गरेका थिए नेपालको शैक्षिक इतिहासमा वि.सं. १९९३ फागुनमा गंगालाल श्रेष्ठ, टंकविलास बज्राचार्य, चन्द्रमान सिंह मास्के, फत्तेबहादुर सिंह, चिनियालाल सिंहहरूले खोलेको संस्था महाविर इन्स्टिच्यूटबाट संस्थागत विद्यालयको सुरुवात भएको हो (शिक्षा आयोग, २०६१) ।

शैक्षिक इतिहासमा प्रभावकारी भूमिका र शिक्षालाई आधुनिकीकरण गर्न राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लागु भयो । यसले माध्यमिक विद्यालयलाई ३ भागमा विभाजन गऱ्यो । साधारण मा.वि., व्यावसायिक मा.वि. र संस्कृत मा.वि. । विद्यालय तहलाई पनि प्रा.वि. (१-३), नि.मा.वि. (४-७), मा.वि. (८-१०) गरी ३ भागमा विभाजन गऱ्यो । यसरी परिवर्तन विकाससँगै हुने हुँदा शिक्षा ऐन २०२८ को तेस्रो तथा शिक्षा नियमावलीको सातौं संशोधन २०३७ मा भयो । जसले शिक्षा योजना जनसहभागिताको खोजी गऱ्यो । पञ्चायती शासन पद्धतिको अन्त्य र बहुदलीय शासन व्यवस्थाको प्रारम्भसँगै २०४६ को परिवर्तनलाई सम्बोधन गर्ने गरी २०४७ फागुन १४ गते तत्कालीन शिक्षामन्त्रीको अध्यक्षतामा समिति गठन भयो । जसको प्रतिवेदन अनुसार प्रा.वि.लाई २ तहमा विभाजन गऱ्यो । प्रा.वि. १-३ र १-५ गरी आधारभूत तह र उच्च प्रा.वि. सञ्चालन गर्ने प्रक्रिया शुरुवात भयो । माध्यमिक

तहलाई तीनतहमा निम्न माध्यमिक तह ६-८, माध्यमिक तह ९-१०, उच्च माध्यमिक तह ११-१२ र उच्च शिक्षालाई ४ भागमा विभाजन गऱ्यो (शिक्षा ऐन, २०२८) ।

२००७ सालमा राणाशासनको अन्त्यसँगै शैक्षिक इतिहासको क्षेत्रमा नयाँ युगको थालनी भएको पाइन्छ । राणा शासनको पतनपछि सबै ठाउँ र क्षेत्रमा विद्यालयहरू स्थापना गर्ने क्रम बढेर गयो । अनियन्त्रित ढंगले खोलिएका विद्यालयहरूको व्यवस्थापन तथा योजनाबद्ध विकास गर्नका लागि वि.सं. २००९ मा "वुच आयोग" को गठन गरियो । नेपालमा शिक्षा नामक पहिलो प्रतिवेदन २०११ मा जनताको रायको आधारमा विद्यालय शिक्षा सञ्चालन गर्ने नीति प्रारम्भ भयो । २०१७ सालको राजनीतिक परिवर्तनसँगसँगै २०१८ सालमा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको गठन भयो । वि.सं. २०१९ सालमा पहिलो शिक्षा ऐन प्रकाशित भयो । यसैगरी शिक्षण सेवालाई समय सापेक्षित र व्यवस्थित गर्न राष्ट्रिय सल्लाहकार परिषद्को गठन २०२४ सालमा भयो । यसको आधारमा जनसहभागिताका लागि नीति निर्धारण तथा योजना तर्जुमाका लागि जिल्ला शिक्षा समितिको गठन भयो (राउत, २०६१) ।

शिक्षाको विकास र विस्तारमा सरकारको दायित्वमा मात्र भर नपरी जनसहभागितालाई परिचालन गर्न उच्चस्तरीय शिक्षा आयोग २०५५ लाई कार्यान्वयनमा ल्याइयो । यसरी समय र परिस्थिति अनुसार शिक्षा ऐन तथा नियमावलीको परिवर्तन अनुसार २०६७ माघ ९ र १५ मा भएको संशोधनले शिक्षामा नयाँ रूपान्तरणका लागि थप प्रेरणा प्रदान गरेको छ । यसैगरी समय समयका प्रतिवेदन, शिक्षा ऐन तथा नियमावलीले विद्यालयलाई सरकारी र संस्थागत गरी २ भागमा विभाजन गरेको छ ।

**सामुदायिक विद्यालय**

सामुदायिक विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित अनुदान पाउने गरी सञ्चालित अनुमति वा स्वीकृत प्राप्त विद्यालयलाई चिनिन्छ । राष्ट्रिय शिक्षा पद्धति योजनाको कार्यान्वयनसँगै समुदायको पहलमा खोलिएका विद्यालयहरू सरकारी विद्यालयको रूपमा परिणत भए । २०३७ सालबाट सरकारले शिक्षा क्षेत्रमा शिक्षक अनुदान लगायत विद्यालय भौतिक विकासमा लगानी गर्दै आयो । नपुग स्रोत साधन समुदायले व्यवस्थित गर्दै आयो ।

यसरी समुदायको संलग्नतामा समेत सञ्चालित सरकारी विद्यालयहरूलाई शिक्षा ऐन २०२८ को सातौ संशोधन २०५८/१०/२५ ले सामुदायिक विद्यालयको रूपमा परिभाषित गऱ्यो ।

सामुदायिक विद्यालयको विकास र उत्थानका लागि राज्यले वर्तमान राज्यकोषबाट व्यहोर्ने गरी शिक्षक व्यवस्था, शिक्षक तलवभत्ताको व्यवस्था, क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रम, विद्यालय सञ्चालन, व्यवस्थापन खर्च, विद्यार्थी छात्रवृत्ति, पाठ्यक्रम, पाठ्यपुस्तक व्यवस्था, भौतिक सुविधा विस्तारको कार्यक्रम लगायतको व्यवस्था गरेको छ भने यस्ता विद्यालयको परिचालन र व्यवस्थापनका निमित्त आवश्यक गरेको छ भने यस्ता केन्द्रीय निकायदेखि स्थानीय निकायसम्मको संरचनागत विकास गरेको छ ।

मानव स्रोत विकासका लागि सबैभन्दा महत्वपूर्ण माध्यमका रूपमा शिक्षालाई लिन सकिन्छ । वर्तमान युग र समाजको माग वा चाहना बमोजिमको शिक्षाविना तोकिएको लक्ष हासिल गर्न असम्भव प्राय देखिन्छ । गुणस्तरीय तथा राष्ट्रको माग बमोजिम शिक्षा हासिल गर्न पाउनु सबै नागरिकको नैसर्गिक अधिकार भित्र पर्न आउँछ । सबै मासिहरूको आधारभूत अधिकारको रूपमा रहेको शिक्षा "सबैका लागि शिक्षा" को लक्ष्य हासिल गर्न सबेको प्रयास र योगदानलाई साकार पार्न मुलुक पूर्ण रूपमा केन्द्रित रहनु पर्ने आवश्यकता रहेको छ । यसका कारणले नेपालको अन्तरिम संविधान २०६३ मा शिक्षा राज्यको मौलिक दायित्व भित्र समावेश गरिएको छ । उसको परिणामस्वरूप शै.सत्र २०६८ बाट माध्यमिक तह (१-१२) सम्मको पाठ्यपुस्तक राज्यबाट वितरण गर्ने प्रक्रियाको शुभारम्भ भएको छ । यसरी सामुदायिक विद्यालयले सुविधा प्रदान गर्दै सबै बालबालिकाहरूलाई उनीहरूको जातीय, धार्मिक, सांस्कृतिक र भाषिक सम्पदा सम्बन्धी विना कुनै भेदभाव शिक्षाको सुनिश्चित प्रदान गर्नु सामुदायिक विद्यालयहरू प्रयासरत पाइन्छ (के.सी., २०६६) ।

**निजी विद्यालय**

नेपाल सरकारबाट अनुमति वा स्वीकृत लिई आर्थिक एवं अन्य सहयोग तथा अनुदान प्राप्त नहुने गरी सञ्चालित संस्थागत क्षेत्रका विद्यालयहरूलाई संस्थागत विद्यालय भनिन्छ । शैक्षिक उदारता देखाई जनताका छोराछोरी उनीहरूले नै विद्यालय खोली पठनपाठन गराउन पाउने गरी प्रधानमन्त्री जुद्धशमशेरको पालामा नीति निर्माण तयार भयो । यसको परिणामस्वरूप १९९५ चैत्र २८ बाट प्राइभेट स्कुल खोल्ने कानुनी आधार नेपालको पहिलो

शिक्षा नियमावली शिक्षाको इस्तिहारले प्रदान गरेको थियो (शर्मा, १९७७) । यसै इस्तिहारले प्रदान गरेको अधिकारलाई उपयोग गरी २००३ सालमा ५१ जना विद्यार्थी भर्ना गराई पद्मोदय विद्यालयको स्थापना भएको थियो । यही विद्यालय २००४ मा पद्मकन्या विद्याश्रमको नाममा सुंस्थागत विद्यालयको रूपमा रूपान्तरण भयो । वि.सं. २००८ सालदेखि त्रिभुवन आदर्श बोर्डिङ स्कुल फर्पिङ, बनस्थली विद्याश्रम बालाजु र आनन्दकुटी विद्याश्रम बोर्डिङ स्कुल स्वयम्भु, काठमाडौं स्थापनापछि नेपालमा संस्थागत विद्यालयको विकास भएको थियो (सापकोटा, २०६७) । यही अवधारणा अनुसार आज आएर प्रशस्तमात्रामा संस्थागत विद्यालयहरू सञ्चालनको क्रममा अगाडि बढेका छन् ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा नेपालको शैक्षिक विकासमा सबैलाई शिक्षाको समान पहुँच पुऱ्याउन विभिन्न बाधा व्यवधान र अप्ठेराहरू विद्यमान रूपमा रहेका छन् । राष्ट्रको शिक्षालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा प्रतिस्पर्धी बनाउन विभिन्न खालका विद्यालयहरू क्रियाशील छन् । भौगोलिक, सामाजिक तथा आर्थिक अवस्थाका कारण सबै बालबालिकाहरूले पढ्ने अवसर पाइरहेका छैनन् । यस्ता चुनौती, अवरोध समस्या तथा व्यवधानहरूलाई सम्बोधन गर्न सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विद्यालयले टेवा पुऱ्याउँदै आएका छन् । शैक्षिक उपलब्धि हासिल गर्न सहयोग पुऱ्याउनका लागि उपयुक्त माध्यम, लगानी र अवसरहरू प्रमुख पक्षहरू हुन् ।

राज्यको पूर्ण लगानीमा सञ्चालनमा आएका सामुदायिक विद्यालयमा सरकारी प्रतिस्पर्धाबाट छनौट गरिएको शिक्षकहरू राज्यकोषको लगानीबाट निर्मित भौतिक संरचना शैक्षिक अनुगमनको नेतृत्व लिएको शिक्षा मन्त्रालयदेखि जिल्ला शिक्षा कार्यलयमसम्मको प्रमुख दृष्टि, शिक्षकहरू तालिम प्राप्त, सरकारी सुविधा प्राप्त, विषयगत शिक्षक, तहगत शिक्षक, समय समयमा बढुवा, अध्ययन बिदा, घरपायक जागिर, विद्यार्थीका नजिकै विद्यालय, निःशुल्क शिक्षा, निःशुल्क पाठ्यपुस्तक, पोशाक, छात्रवृत्ति, दलित छात्रवृत्ति, न्युन शुलकमा अतिरिक्त कक्षा सञ्चालन, खेलमैदान आदि आकर्षक पक्षहरू हुन् । सामुदायिक तर्फका समस्यामा समय सापेक्षित पाठ्यक्रम नहुनु, पाठ्यक्रमले निर्दिष्ट गरेको विषयको अध्ययनबाट प्रतिस्पर्धामा सफल हुन नसकी शैक्षिक वेरोजगारको अवस्था आउनु, विद्यालय तह उत्तिर्ण गरिसकेपछि अङ्ग्रेजी भाषामा समस्या आउनु, सामुदायिक विद्यालयको नतिजा न्यून हुनु, समय र लगानीको दुरूपयोग, शिक्षकहरू राजनीतिमा क्रियाशिल रहनु, दण्ड र जरिवाना

नहुनु, संघसंगठनको प्रभावमा कार्यलयका कर्मचारी निरीह हुनु साथै बसाइसराई जस्ता कारणले पनि केही समस्या देखा परेका छन् (मञ्जन, २०६३) ।

अर्को तर्फ संस्थागत विद्यालयहरू पनि निजी लगानीमा प्रतिस्पर्धात्मक रूपमा अगाडि बढेका छन् । संस्थागत विद्यालयहरूलाई सुचारु रूपले सञ्चालन गर्न पनि समस्याहरू देखा परेका छन् । संस्थागत विद्यालयहरूमा तालिमको व्यवस्था हुन नसक्नु, पेशाको निश्चितता नहुनु, संस्थागहरूलाई रिफाउन पर्नु, न्यून तलबमा काम गर्नुपर्ने, अस्वस्थ प्रतिस्पर्धी, केही स्थापित हुँदै गएका विद्यालयका कमजोर भौतिक संरचना र चर्को शुल्क यसका समस्याहरू छन् । यी समस्याहरू सँगसँगै संस्थागत विद्यालयहरू अगाडि बढाउन सरोकारवालाहरू क्रियाशिल छन् । यस्ता विद्यालयले समयसापेक्षित पाठ्यक्रममा पठनपाठन गराई राम्रो नतिजा प्राप्त गर्ने, भौतिक सुविधा प्राप्त गर्ने, यातायातको व्यवस्था मिलाउने, किताबी ज्ञान मात्र नभई चौतर्फी ज्ञान र सीप प्रदान गर्नू, अनुशासन कायम राख्नु, प्रतिस्पर्धीमा संस्थागत विद्यालयबाट उत्तीर्ण विद्यार्थीहरू अगाडि हुनु, प्राविधिक तथा दक्ष जनशक्तिमा लिने परीक्षामा अरुले मौका पाउने न्यून अवसर हुने कारणहरू छन् । सहजै देखिने एस.एल.सी. परीक्षाको सर्वाधिक स्थान प्राप्त गर्नु यसका सकरात्मक पक्ष छन् ।

यी आदि अवस्था तथा समस्याहरूको बारेमा खोजी  आजसम्मको अध्ययनमा प्राथमिकता दिएर नगरिएकोले यस अध्ययनले थप हौसलाका साथ समाधानमा पनि केही सहयोग प्रदान गर्न सक्ने हेतुले यिनै अवस्थाको नजिक रहेर निम्न लिखित समस्याहरूको उत्तर खोज्ने प्रयत्न गरिएको छ ।

- विद्यालय छनौट गर्नका लागि अभिभावकलाई के कुराले प्रेरित गऱ्यो ?
- किन अभिभावकहरू संस्थागत विद्यालयमा महङ्गो शुल्क तिरेर पढाउँछन्?
- सरकारी विद्यालयतर्फको आकर्षण किन घट्दो छ ?
- समुदायका अभिभावकको रोजाइमा कस्ता विद्यालयलाई उत्कृष्ट भनेर छानिन्छ ?

## १.३ अध्ययनको उद्देश्यहरू

कुनै पनि विषयको अनुसन्धान कार्यमा उद्देश्यहरूको निर्धारण गर्दा विशेष ध्यान पुऱ्याउनु पर्छ । प्रस्तुत अध्ययन पोखरा-८, सिमलचौरस्थित इन्द्रपुरी टोल समुदायका अभिभावकहरूलाई विद्यालय छनौट गर्नका लागि के कुराले अभिप्रेरित गऱ्यो भन्ने सवालमा प्रस्तुत गरिएको छ । यस अध्ययनका मुख्य उद्देश्यहरू निम्न अनुसार रहेका छन् :

- विद्यालय छनौट गर्नका लागि समुदायका अभिभावकलाई प्रेरित गर्ने तत्वको खोजी गर्नु ।
- समाजको हेराइमा उत्कृष्ट विद्यालय पत्ता लगाउन ।

## १.४ अध्ययनको महत्त्व

शिक्षा निरन्तर चलिरहने प्रकृया हो र शिक्षा प्रणालीको जग भनेको विद्यालय शिक्षा हो । राज्यको पूर्ण लगानीमा सञ्चालित विद्यालयहरूले मात्र विद्यार्थीहरूको बोझ थाम्न गाह्रो भैराखेको अवस्था पनि छ । त्यसैले सामुदायिक विद्यालयको विकल्पमा संस्थागत विद्यालयरु क्रियाशिल छन् । आज आएर सामुदायिक विद्यालयको शिक्षा पूर्णरूपमा निःशुल्क विधि, सुविधा, छात्रवृत्ति जस्ता कार्यक्रमहरू सञ्चालन हुँदा हुँदै पनि अभिभावकको ध्यान आर्थिक भारयुक्त संस्थागत विद्यालयतर्फ आकर्षित भएको देखिन्छ यसको वास्तविकता के हो ? साथै सामुदायिक विद्यालय राज्यको लगानीको मूलप्रवाहमा हुँदा हुँदै पनि यसतर्फ अभिभावकको आकर्षण घट्नुका कारणहरूको बारेमा यथार्थ चित्रण गर्ने उद्देश्यले गरिएको यस अध्ययन आफैमा औचित्यपूर्ण देखिन्छ ।

राज्यबाट सञ्चालित र राज्यबाट स्वीकृत सरकारी विद्यालय र संस्थागत विद्यालय गरी औपचारिक रूपमा अगाडि बढिरहेका छन् शिक्षाको विकास सँगै शैक्षिक संस्थाहरू पनि तीव्र गतिमा खुल्ने प्रक्रिया र एकआपसमा गुणस्तरीय शिक्षा दिनका लागि होडबाजी तथा प्रतिस्पर्धामा उत्रिएका छन् जसको प्रत्यक्ष प्रभाव बालबालिकाका अभिभावकहरूलाई परेको छ । यिनै दुई भागमा चलिरहेका विद्यालयहरूमा अभिभावकको आकर्षण महङ्गो संस्थागत विद्यालयमा हुनु र निःशुल्क शिक्षा प्रदान गर्ने सरकारी विद्यालयमा चाहना घट्दै जानुको सामाजिक कारक तथ्य खोज्नु नै यस अध्ययनको महत्व रहेको छ । अधिकांश गरिवीको रेखामुनि रहेका नेपालीहरूका लागि संस्थागत विद्यालय सामुदायिक विद्यालयको विकल्प हुन

सक्ने देखिन्न साथै विद्यार्थी संख्या घट्दै गएको हुनाले कतिपय सामुदायिक विद्यालयहरू खारेजीको नजिक रहेका छन् । जसका कारण गरिवीका रेखामुनि रहेका बालबालिकाहरूलाई पढ्ने संस्थाको पनि अभाव देखिन्छ । त्यसकारण यसको असर, कारण तथा समाधानको पहिचान गर्ने हेतुले यो अध्ययन गरिएको छ ।

## १.५ अध्ययनको सीमा

यो अध्ययन नितान्त शैक्षिक, आमचासोका महत्व राख्ने समुदायसँग गाँसिएको विषय हो । वर्तमान परिवेशमा फैलिएको शैक्षिक अराजकता र शिक्षा समाज सेवाका नाममा खोलिएका संस्थागत विद्यालय व्यवसायिक खेती बनेका छन् । देखासिखीको कारणले पनि आर्थिक अवस्था कमजोर हुँदा हुँदै अभिभावकहरू संस्थागत विद्यालयमा पढाउन बाध्य छन् । यही विषयलाई मध्यनजर गरेर यो अध्ययन पोखरा-८, सिमलचौर, इन्द्रपुरी टोल समुदायमा रहेका अभिभावकहरूलाई विद्यालय छनौट गर्नका लागि के-कस्ता सामाजिक कारकहरूले प्ररित गऱ्यो ? भन्ने सवालसँग सम्बनिधत रहेर अध्ययन गरिएको छ ।

## १.६ अध्ययनको साङ्गठनिक संरचना

यस शोध अध्ययनलाई पाँच अध्याय विभाजन गरिएको छ । परिचय खण्डलाई अध्याय एकमा राखिएको छ । यसमा वौद्धिक काल देखि हालसम्मको शौक्षिक इतिहास तथा वर्तमान अवस्थामा रहेको शिक्षाको विकास तथा अवस्थालाई छोटकारीमा प्रस्तुत गरिएको छ । यहि अध्यायमा नै समस्याको कथन, औचित्य तथा महत्व र अध्ययनको सीमालाई समावेश गरिएको छ भने शिक्षाको विकास सँगै स्थापित भएका संस्थागत तथा सरकारी विद्यालय प्रति सम्बन्धित अध्ययन क्षेत्रका अभिभावकहरूलाई के कस्ता सामाजिक तत्वले प्रभाव पारेको छ भन्ने तथ्य पत्ता लगाउनु नै यस शोधपत्रको उद्देश्य अन्तर्गत राखिएको छ ।

साहित्य पुनरावलोकनलाई अध्याय दुईमा राखिएको छ । यसमा नेपालमा शैक्षिक विकास र ऐतिहासिक पृष्ठभूमी बारे चर्चा गरिएको छ । शिक्षाको सुरुवात देखि विभिन्न समय तथा विभिन्न राजाका पालामा के कस्ता प्रकारले शिक्षामा लगानी तथा सञ्चालन भयो र हाल आएर कस्तो प्रकारले शिक्षाले कोल्टो फेरेको छ ? आदि कुराहरूलाई यस अध्यायमा समावेश गरिएको छ । यसको साथ साथै विभिन्न समयमा विभिन्न अनुसन्धान कर्ताहरूले

यस अध्ययन सँग सम्बन्धित कस्ता र कहाा अनुसन्धान गरे ? र त्यसका उपलब्धी कस्तो भेटियो ? भन्ने कुरा पनि यसै अध्याय अन्तर्गत राखिएको छ ।

अनुसन्धान खण्डलाई अध्याय तीन अन्तर्गत राखिएको छ । यस अध्यायमा शोधपत्र तयार पार्ने क्रममा छानिएको क्षेत्र देखि लिएर अनुसन्धानका क्रममा अभ्यासमा आएका विधिहरूको बारेमा कुरा उठाइएको छ । यस अनुसन्धनका क्रममा प्राथमिक र द्वितिय दुवै स्रोतहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

स्थलगत तथ्याङ्क विश्लेषणलाई पच्छिेद चार अन्तर्गत राखिएको छ । यस स्थलगत अध्ययनबाट आएका नतिजाहरूलाई विभिन्न प्रश्नहरूको उत्तरको आधारमा तिनीहरूको विवरण जसमा उन्नाइसवटा तालिकामा राखेर विश्लेषण गरिएको छ । अध्ययनको सार, सारांश, निष्कर्ष तथा सुझावलाई अध्याय पाँचमा राखिएको छ भने अध्ययनको अनुसूचिमा विद्यार्थी तथा अभिभावकलाई सोधिएका प्रश्नहरू समावेश गरिएको छ ।

## १.७ महत्वपूर्ण शब्दावलीहरूको पारिभाषा तथा अर्थ

सामुदायिक विद्यालयः यस शोध अध्ययनमा नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी स्वीकृत प्राप्त विद्यालय ।

निजी विद्यालयः यस शोध अध्ययनमा नेपाल सरकारबाट स्वीकृत प्राप्त तर अनुदान नपाउने विद्यालय ।

सधोवधु- यस शोध अध्ययनमा बैदिक कालमा अध्ययन समाप्त गरी गृहस्थाश्रममा प्रवेश गर्ने महिला ।

ब्रह्मावादिनी- यस शोध अध्ययनमा सन्यास लिने महिलाहरूलाई ब्रह्मावादिनी उल्लेख गरिएको छ ।

बटुक - हिन्दु संस्कार अनुसार गुरुकुल आश्रममा गुरुको सेवा गरी शिक्षा प्राप्त गर्ने विद्यार्थी ।

# अध्याय दुई
# सन्दर्भ साहित्यको समिक्षा

## २.१ ऐतिहासिक पृष्ठभूमि

**नेपालमा शैक्षिक विकासक्रम**

प्राचीनकालीन शिक्षा अन्तर्गत मुख्यतः दुई किसिमका शैक्षिक पद्धतिहरू प्रचलनमा थिए, संस्कृत शिक्षा र बौद्ध शिक्षा संस्कृत शिक्षा पद्धति अन्तर्गत राजकुल पद्धति, पितृकुल पद्धति, ऋषिकुल पद्धति र गुरुकुल पद्धति प्रचलनमा रहेका थिए । जसमध्ये गुरुकुल शिक्षा पद्धति आधुनिक विद्यालय प्रणालीको सुरुआत नहुँदासम्म प्रचलनमा रहेको थियो । शिष्यहरू आफ्ना गुरुकहाँ पुगेर शिक्षा लिने हुनाले नै संस्कृत शिक्षा प्रणालीलाई गुरुकुल शिक्षा पद्धति भनिएको हो ।

गुरुकुल शिक्षाको प्रारम्भमा समाज वा सामाजिक व्यक्तिहरू - ४, वर्णमा विभाजित थिए । ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र । उपनयनपछि ब्रह्मचार्य आश्रम वा शिक्षा प्रारम्भ हुन्थ्यो । उपनयनपछि बटुकहरूले गुरुकुलमा गुरुको स्थानमा ब्रह्मचार्य पालन गरी हिंसा, असत्य, रिस त्यागी पवित्र रही सन्तती बनेर यत्र, तपस्या र अध्ययन गर्नु पर्दथ्यो । स्नान शौचादी, नित्यकर्म पछि गुरुको समिपमा रहेर विद्या अध्ययन (आर्जन) हुन्थ्यो । जनैपूर्णमाको दिनबाट उपनयन क्रम सुरु हुन्थ्यो । उपनयनपछि बटुकहरू गुरुको मातृदेवोभवः पितृदेवो भवः आर्चादेवो भवः आदि नियम पालनका साथै विद्यार्जनमा प्रयत्नशील रहन्थे ।

वैदिककालमा स्त्रीहरूले पनि वेद अध्ययन गर्न पाउँथे । उनीहरू ब्रम्ह्मावादिनी भई वेद अध्ययन पश्चात् गृहस्थ आश्रममा प्रवेश गर्ने महिलालाई सधोवधू र सन्यास लिनेलाई ब्रम्ह्वादिनी भनिन्थ्यो । गार्गी, मैत्रैयी यिनै खालका विदुषी थिए । नेपालको प्राचिनकालीन शिक्षाको कुनै औपचारिक रूपरेखा थिएन । गाज विभिन्न रीतिरिवाज, परम्परा, प्रथा र सामाजिक मान्यताका आधारमा सञ्चालित थियो । आ-आफ्नो धार्मिक आस्थाअनुसार समाजका गतिविधिहरू सञ्चालित थिए । त्यसबेला पहिलो पाइला घरलाई मानिन्थ्यो ।

विशेष गरी आमाले छोरीलाई र बाबुले छोरालाई सामाजिक रीतिरिवाजको शिक्षा हस्तान्तरण गर्ने चलन थियो । समाजको जटिलता बढदै गएपछि समाजलाई पूर्ण व्यवीस्थत बनाउनु या गराउनु त्यसबेलाको आवश्यकता र मान्यता रह्यो । यसका लागि वर्णाश्रम व्यवस्थाको सुरुवात गरियो । यस व्यवस्थामा ब्राह्मणहरू गुरु पुरोहित र समाजमा शिक्षा दिने व्यक्ति वा समाजका पथप्रदर्शक बने । यो ब्राह्मणवादको उदय अवस्था थियो । यस व्यवस्थालाई मानिसको आयु १०० वर्ष मान्ने कार्यको आधारमा चार भागमा विभाजन गरियो ।

प्राचिन नेपालको यस प्रकारको सामाजिक मान्यताको शैक्षिक व्यवस्थापन पछि शिक्षाको औपचारिक रूपको सुरुवात भयो । जसको विवरण छोटकरीमा निम्नानुसार दिने प्रयास गरिएको छ । प्राचिन कालपछि नेपालमा वैदिक शिक्षाको प्रारम्भ भयो । यो संस्कृति शिक्षा प्रणाली थियो । गुरुकुल, ऋषिकुल, देवकुल र पितृकुल प्रणाली वैदिक शिक्षा प्रणाली थियो । आधुनिक शिक्षा वा अङ्ग्रेजी शिक्षा प्रणालीको प्रारम्भसम्म पनि गुरुकुल प्रणालीको छाप रहिरह्यो ।

सिद्धार्थ गौतमको जन्मपछि बौद्ध दर्शनप्रति पठन-पाठन भयो र बौद्ध शिक्षा प्रणालीको सुरुवात भयो । त्यतिबेला शिक्षा दिने शिक्षालयहरूमा विहार, गुम्बा र भिक्षुहरूको संघलाई मानिन्थ्यो । शिक्षा प्राप्त गर्नका लागि महिला तथा पुरुषले पारिवारिक बन्धन ताडेर भिक्षुको रूप धारण गर्नु पर्दथ्यो । शिक्षा लिन वर्ण र लिङ्गको कुनै भेदभाव थिएन । प्राकृत तथा पाली भाषा, बौद्ध दर्शन तथा साहित्य, त्रिपीटक, जातक आदि पढाइका विषयहरू थिए । बौद्ध दर्शन तथा साहित्यका ठूला ठूला विद्वानहरू नेपालमा प्रशस्त मात्रामा भएकाले भारत तथा चीनबाट समेत बौद्ध शिक्षा प्राप्त गर्न विद्यार्थीहरू नेपाल आउने गरेको पाइन्छ (वाग्ले, २०६४) ।

किराँतकाललाई नेपाली संस्कृतिको उत्पत्ति काल भनिन्छ । तापनि यसकालका शिक्षाबारे कुनै तथ्यहरू प्राप्त हुन सकेका छनन् । लगभग चौथो शताब्दीमा लिच्छवीकालबाट नेपालमा वेद, व्याकरण, न्याय, दर्शन साहित्य, ज्योतिष आदि विषयमा पठनपाठन हुने गर्दथ्यो । यस बेला नेपालको कला, संस्कृति र शिक्षाको निकै विकास भएको पाइन्छ । लिच्छवीकालिन नेपालमा संस्कृत भाषाले राजभाषाको मान्यता पाएको थियो । सातौं शताब्दीमा राजा अंशुवर्माले

विद्योपार्जनका संस्थाहरूको वर्गीकरण गरेका थिए । जसअनुसार नेपालमा शेव, वैष्णव र बौद्ध सम्प्रदायका भिन्ना भिन्नै विद्यालयहरू थिए (अधिकारी, २०७२) ।

मल्लकालमा पनि संस्कृत शिक्षा र बौद्ध शिक्षामा समान व्यवहार गरिएको थियो । राज्यको कर्तव्यका रूपमा शिक्षा सञ्चालित थिएन तर कर्म गराउने ब्राह्मण बौद्धाचार्यहरू पढेको हुनुपर्दथ्यो । चौधौं शताब्दीमा राजा जयस्थिति मल्लले प्रजाहरूलाई विभिन्न जातहरूमा व्यवस्थापन गरी जातअनुसारको काम विभाजन गरे । यस कार्यलाई शिक्षा जीवनको आधार मानी व्यावसायिक शिक्षाको थालनी गरेको हो भन्ने पाइन्छ । तर शिक्षाको राम्रो व्यवस्थापन यस बेला पनि भएको पाइन्न । शिक्षा केन्द्र मन्दिर र बौद्ध गुम्बाहरूमा केन्द्रित हुनाले जयस्थिति मल्लले तिनीहरूको हेरविचार गर्न गुठीको व्यवस्था गरी शिक्षाको विकासमा जोड दिएका छन् (कोइराला, २०५८) ।

बाईसी चौबिसे राज्यहरूमध्ये डोटी, जुम्ला, पाल्पा, तनहुँ तथा पर्वतमा प्राप्त भएका पुराना हस्तलिखित ग्रन्थबाट ती ठाउँमा शिक्षा, संस्कृत भाषाका माध्यमबाट दिइन्थ्यो भन्ने देखिन्छ । गोरखामा शाहवंशीय राजाहरू राजकुमारहरूको पठनपाठन आफ्नै गुरूपुरोहितबाट गराउँथे । राजा राम शाह विद्याप्रेमी थिए । गोरखामा संस्कृतका विद्वानहरूबाट परम्परागत संस्कृत शिक्षा प्रवाहित हुन्थ्यो । कास्कीका राजा सिद्धिनारायण शाहद्वारा पोखराथोकमा गुठीको आयस्तरबाट विद्यालय सञ्चालन भएको थियो । पाल्पाका सेन राजाहरूमा मुकुन्दसेन प्रथम विशेष विद्वान विद्याप्रेमी तथा राजनीतिज्ञ कहलिएका थिए । पृथ्वीनारायण शाहको एकीकरण पूर्व पनि नेपाली समाजका विभिन्न वर्ग आफ्नो परम्परागत शैली र ढुङ्गामा पठनपाठन गरी अघि बढेका रहेछन् भन्ने कुरा स्पष्ट हुन्छ (शर्मा, २०५०) ।

त्यस्तै शाहकालमा पृथ्वीनारायण शाहको एकीकरण पश्चात् आफ्ना शैक्षिक टुहुरा बच्चाहरूलाई सैनिक शिक्षा दिइ सेनामा भर्ती गर्ने कार्यको पृथ्वीनारायण शाहले गरे । शिक्षा विकासको लागि वैथाकरण केशरी र बुद्धिमान सिंहलाई मासिक ५० रूपैयाँ र २० रूपैया दिइ संस्कृत र फारसी भाषा पढ्न पठाए तापनि आम जनताका लागि शिक्षाको विस्तार र विकास भएको देखिन्न ।

नेपालको एकीकरणदेखि राणाकाल पूर्वको शिक्षा नेपालको एकीकरण वि.सं. १८२५ देखि वि.सं. १९०३ सम्मको शिक्षा यसमा पर्दछ । एकीकरणपछि सैनिकका टुहुरा बच्चाहरूलाई

राज्यको तर्फबाट सैनिक शिक्षा दिने र सैनिक सेवामा भर्ना गर्ने कार्य पृथ्वीनारायण शाहबाट भएको थियो । यसको अलवा उनले एकीकरणपछि छात्रवृत्ति दिने प्रथाको सुरुवात सँगै संस्कृति र फारसी पढ्न पठाएका थिए । राजा पृथ्वीनारायण शाहको शिक्षाप्रतिको धारणा अत्यन्त सकरात्मक रहेको भए तापनि अधिकांश समय एकीकरणको क्रममा लडाइमै बितेकाले शिक्षामा खास ध्यान दिन सकेनन् । पृथ्वीनारायण शाहको देहावसानपछि पनि राज्य एकीकरणको शिलशिला कायमै रहेकाले शिक्षा विकासको कार्यमा खास उल्लेख्य प्रगति हुन सकेन । प्रतापसिंह शाह, रणबहादुर शाह तथा गीर्वाणयुद्ध विक्रम शाहको पालामा पनि लेखक, कवि तथा विद्वानहरूको कदर गर्ने, राजकुमार-राजकुमारीहरूको पठनपाठन गुरु पुरोहितहरूबाट सम्पन्न गराउने, फ्रेन्च अफिसहरू झिकाई सेनालाई सैनिक शिक्षा दिन आदि कार्यहरू हुँदै आएका थिए । पृथ्वीनारायण शाहको अन्त्यपछि राजेन्द्र विक्रमसम्मको अवधिमा जनताको लागि शिक्षा सर्वशुलभ हुन नसके पनि परम्परादेखि चल्दै आएको शिक्षा यथावत रूपमा चल्दै आएको पाइन्छ । बढी आवादी भएको स्थानमा विद्वानहरूले संस्कृतका पाठशालाहरू खोली शुल्क नलिइकन परोपकारी दानबाट चलाइन्थ्यो ।

वि.सं. १९०३ को कोतपर्वबाट शक्ति आफ्नो हातमा लिई जंगबहादुर राणा प्रधानमन्त्री र प्रधानसेनापति बनेका जंगबहादुर राणा बनेपछि नेपालमा राणा शासनकालको सुरुवात भएको हो । यस कालका सुरुका वर्षहरूमा शिक्षा क्षेत्रमा कुनै चासो राखेको पाइँदैन । तर पनि लामो समयसम्म राणाहरूले देशको शासन भार आफ्नो हातमा लिइराखेको कारण केही न केही रूपमा शिक्षाको विकास भएको पाइन्छ । त्यस समयमा ठाउँठाउँमा राखिएको गुठी जग्गाको आयस्तरबाट पठनपाठनमा सहयोग पुगेको थियो ।

यसरी नेपालमा राणा शासनकालमा शिक्षाको क्षेत्रमा केही प्रगती भएको देखिए पनि एक सय चार वर्षसम्म्को अवधिमा सीमित क्षेत्र र सीमित सङ्ख्यामा शैक्षिक संस्थाहरू खोल्ने र सञ्चालनमा ल्याउने काम भयो । राणा शासकहरूले गरेको शिक्षा क्षेत्रको विकास लोकलाज बचाउनको लागि मात्र समयको प्रवाहलाई रोक्न नसकी केही प्रयास गरेको देखिन्छ ।

शिक्षामा यो विकास तथा विस्तारको समय हो अर्थात् शिक्षाको उत्तर प्रजातान्त्रिक काल भनिन्छ । राणाकालीन समयमा शासकहरूले विरोध गर्दा पनि केही कार्यहरू भए तर हुनुपर्ने विकास हुन सकेन । देशमा आएको राजनीतिक परिवर्तन र परिवेश अनुकूल शिक्षा पद्धति

स्थापना गर्न आवश्यक परेकोले त्यसका लागि कस्तो शिक्षा परिपाटी कायम गर्नुपर्ने हो सोका लागि कार्य गर्न रुद्रराज पाण्डेको अध्यक्षतामा वि.सं. २००९ सालमा २० सदस्यीय 'राष्ट्रिय शिक्षा बोर्ड' स्थापना गरियो । वि.सं. २०१० साल चैत्र ९ गते रुद्रराज पाण्डेको नै अध्यक्षतामा ४६ सदस्यीय नेपाल राष्ट्रिय शिक्षा योजना आयोग गठन गरियो ।

वि.सं. २०१३ सालमा यसैको सिफारिस अनुसार 'शिक्षा महाविद्यालय' स्थापना भई वि.सं. २०१४ सालदेखि शिक्षक प्रशिक्षण दिन थाल्यो । वि.सं. २०१६ सालबाट प्रथम पटक प्राथमिक पाठ्यक्रम प्रकाशन गरियो । यसै साल त्रिभुवन विश्वविद्यालयको पनि स्थापना भयो । यसै गरी वि.सं. २०१८ सालमा नै देशलाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरी १४ वटा अञ्चल शिक्षा अधिकारी र ७५ जिल्ला शिक्षा निरीक्षकको कार्यलय स्थापित भए । वि.सं. २०२० सालमा अनिवार्य प्राथमिक शिक्षाको कार्यक्रम परीक्षणको रूपमा झापा, मोरङ जस्ता जिल्लाहरूमा लागु गरियो । वि.सं. २०२३ सालमा १८ वटा माध्यमिक विद्यालय स्थापना गरी व्यावसायिक शिक्षा दिन थालियो (पौडेल, २०५९) ।

यस प्रकार वि.सं. २०२६ साल सम्म विभिन्न आयोग, समिति, सल्लाहकार परिषद् गठन गरी उनीहरूले दिएका सल्लाह र सुझावअनुसार कार्य भए । यो अवधिमा देशमा ७२५६ प्रा.वि., १०५६ मावि. र ४९ वटा महाविद्यालयहरूको सङ्ख्या पुग्यो भने प्रा.वि. मा ४,४९,११४, मा.वि. मा १,०२,७०४ र उच्च शिक्षामा १७,२०० विद्यार्थी सङ्ख्या पुगेको पाइन्छ (पाठक, २०७२) ।

जनतालाई वैधानिक शिक्षा दिन र देशका लागि दक्ष जनशक्ति तयार पार्न भनेर वि.सं. २०२८ सालमा 'राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ घोषणा भयो । यसले शिक्षा पद्धतिमा व्यापक परिवर्तन ल्यायो । फलस्वरूप मुलुकले शैक्षिक एकीकरणको जल्दोबल्दो समस्याको निदानमा अहम भूमिका निर्वाह मात्र गरेन अपितु व्यवसायिक शिक्षाको दिशामा नयाँ जागरण समेत ल्यायो । यस अवधिमा पनि शिक्षण संस्थाहरूको सङ्ख्या उल्लेखनीय रूपमा वृद्धि भएको पाइन्छ ।

वि.सं. २०२८, २०३७ सालमा क्रमशः नयाँ शिक्षा योजना लागु गरेपश्चात् व्यावसायिक शिक्षाको दिशामा नयाँ जागरण शुरु भयो । अझ भन्नुपर्दा २०४६ सालको प्रजातन्त्रको पुनरवहाली पश्चात् त नेपाली समाज खुल्ला हुन पुगी प्रा.वि., नि.मा.वि., मा.वि. लगायत

निजी स्तरमा छ्याप्छ्याप्ती स्कूलहरू खुल्न थाले । सामुदायिक तर्फ सरकारले नै अध्ययनका लागि पाठ्यपुस्तक र शिक्षण शुल्कमा कक्षा १-१० सम्म निःशुल्क र दलित र जनजातिको हकमा ड्रेस, शैक्षिक सामग्री नै उपलब्ध गराउनु, विभिन्न जनजातिहरूको हकमा आ-आफ्नो मातृभाषामा पनि पढाइ हुने व्यवस्था लगायत विभिन्न सुविधाहरू र छात्रवृत्तिको व्यवस्था गरेता पनि यस्ता निजी लगायत दातृ संघसंस्थाबाट खोलिइएका, व्यावसायिक रूपबाट खोलिएका विद्यालयहरू सँगसँगै र दण्डियता शिक्षाको पनि विकास हुँदै गयो ।

त्यसैगरी नेपाली समाज र राजनीतिमा २०४६ सालको घटना एउटा ऐतिहासिक फड्को थियो । आन्दोलनको सफलता पश्चात् नेपाली समाज खुला हुन पुग्यो । यसको असर शैक्षिक क्षेत्रमा पर्नु स्वाभाविकै थियो । परिणामस्वरूप शिक्षा क्षेत्रमा पनि परिवर्तन देखिन थाल्यो । २०४६ सालमा नेपालमा साक्षरता प्रतिशत ३९.२ मात्र थियो । २०५४ सालसम्म आइपुग्दा यो वृद्धि भएर ५२.६ प्रतिशत हुन पुग्यो । २०४६ सालसम्म प्राथमिक, नि.मा.वि. र मा.वि. विद्यालयको सङ्ख्या क्रमशः १५८३४, ३९४१ र १७७१ रहेकोमा २०६८ मा यो सङ्ख्या बढेर क्रमशः २४९५१, ७३३१ र ४१११ पुग्यो (पौडेल, २०६७) ।

वि.सं. २०४६ सालपछि देशमा विभिन्न विद्यालय, विश्वविद्यालय, कलेज र अनेकौं इन्स्टिच्युटहरू स्थापना भए । निजी लगानीकर्ताहरू पनि शिक्षाको विकासमा लगानी गर्न सहभागी हुन थाले । स्वभाविक रूपमा यसबाट देशको शैक्षिक विकासमा योगदान पुग्यो । यसरी २०४६ पछि शिक्षामा परिमाणात्मक विकास भएको छ । विद्यार्थी भर्ना दर साक्षरता प्रतिशत आदिमा वृद्धि भएको छ । यसलाई महत्वपूर्ण उपलब्धी मान्नु पर्दछ (अधिकारी, २०७२) ।

**शिक्षामा निजीकरण**

निजीकरणको विधिवत् थालनी २०३६ सालबाट भए पनि विशेष गरी २०४६ सालपछि राज्यले अपनाएको आर्थिक उदारीकरणको शिकार शिक्षा क्षेत्र पनि बन्न पुगेका पाइन्छ । शैक्षिक क्षेत्रमा निजी क्षेत्रलाई लगानी गर्न खुल्ला गरिएपछि लगानीकर्ताका एउटा ठूलो सङ्ख्या शिक्षा क्षेत्रमा लागेको छ । यस्तो लगानीको प्रवृत्ति सेवाका लागि भन्दा नाफाका लाीग बढी हुन गरेको छ र शैक्षिक क्षेत्र व्यापारमा परिणत भएको छ ।

यसरी खुलेका निजी शैक्षिक संस्थाहरूलाई राज्यले उचित तबरबाट सञ्चालन, व्यवस्थापन र अनुगमन गर्न सकेको पाईंदैन । यस्ता संस्थाहरूबाट समाज, राष्ट्र र विपन्न समुदायलाई सहयो पुऱ्याउनुपर्ने थियो तर सरकारको यसबारे ठोस नीति नियम र योजन नभएकाले निजी शिक्षण संस्थाहरू सीमित व्यक्तिहरूको नाफा आर्जन गर्ने व्यवसाय बन्न पुगेका छन् । बल्ल अब समाजले निजी शैक्षिक संस्थाहरूको नकारात्मक असर महशुस गर्न थालेको छ ।

### शिक्षाको सुलभता र भौतिक पूर्वाधारका अभाव

शिक्षाको जति नै सर्वव्यापकता भए पनि शिक्षा सम्बन्धी चेतनाको अभव र गरिबीका कारणले गर्दा विद्यालय जाने उमेरका धेरै विद्यार्थी विद्यालय जान पाएका छैनन् । अर्कोतर्फ देशका समपूर्ण भागमा विद्यालय सर्वसुलभ हुन सकिरहेका छैनन् ।

स्थापित विद्यालय तथा महाविद्यालयमा पनि पर्याप्त भौतिक पूर्वाधारहरू छैनन् । देशका अनेकौं विद्यालयहरूमा पर्याप्त शिक्षकको अभाव छ । शिक्षक विद्यार्थीको अनुपात मिल्न नसक्नुलाई अस्वाभाविक मान्न सकिँदैन । विद्यालयमा स्वच्छ खानेपानी, चर्पी, खेलकुद, पुस्तकालय, प्रयोगशाला आदिको उचित व्यवस्था हुन सकिरहेको छैन । फलस्वरूप शिक्षामा न्यून गुणस्तर कायम हुन सहयोग पुऱ्याइरहेको छ ।

### निजी क्षेत्र महत्वपूर्ण शिक्षा प्रदायकका रूपमा

निजी शिक्षा प्रदायकहरू समुदायबाट सञ्चालित स्कुलदेखि लिएर व्यापारिक उद्देश्यले सञ्चालित छन् । सामुदायिक विद्यालयको दुरी टाढा भएको र साना साना नानी बाबुहरूलाई पायक नपरेको हुँदा निजी विद्यालयले उक्त समस्यालाई समाधान गर्नका लागि यातायातको सुविधाको साथसाथै घरदेखि विद्यालय र विद्यालयबाट घरसम्म सुविधा प्रदान गरेकोले अभिभावकहरू महङ्गो शुल्क तिरेपनि त्यसतर्फ आकर्षित भएका हुन् ।

सार्वजनिक विद्यालयका शिक्षकहरू 'राजाको काम, कहिले जाला घाम' भन्ने मनस्थितिले काम गर्नु तथा विद्यालयमा अनियमित हुनु तथा शिक्षण क्रियाकलाप प्रभावकारी ढंगले नगर्नुले पनि निजी विद्यालय रोज्नु पर्ने बाध्यता सिर्जना भएको पाइन्छ । शिक्षाले राज्यमा अपर्याप्त व्यवस्था, सार्वजनिक विद्यालयको न्यून कार्यसम्पादनका कारण गरिब घरधुरीबीच निजी शिक्षाको बजार विस्तारको सिर्जना गराएको छ ।

**निजी विद्यालयको उत्पत्ति, विकास र त्यस प्रतिको आमधारणा**

समाजका ठूला बडा, विद्वान तथा शिक्षाविद्हरू निजी विद्यालयले गुणस्तर कायम गरेको छ भन्ने बारे सहमत देखिन्छन् । समुदायका नेताहरू पनि निजी शिक्षालयलाई गुणस्तर कायम गरेकै मान्छन् । आम नागरिकहरू बुझेर वा नबुझेर अर्थात् उच्च देखिनका लागि पनि निजी शिक्षालयतिर आकर्षित छन् । निजी शिक्षालयले गुणस्तरीय शिक्षा प्रदान गर्नु आकर्षणलाई पुष्टि गर्न निम्न तर्कहरू अघि सार्दछन् । धेरैभन्दा धेरैले निजी शिक्षालयमा पढाउँछन् । लब्धाङ्क पत्रमा प्रतिशतको खात देखाउँछन् । फरर अङ्ग्रेजी बोलेर शान देखाउँछन् । झोला भरिको पुस्तक देखाउन पनि पछि पर्दैनन् । यसैले सम्बन्धित तहको निजी क्षेत्रको परीक्षाको नतिजालाई अकाट्य रूपमा पेश गर्दछन् । चर्को शुल्क लिएर पनि स्तरीय शिक्षा निजी विद्यालयले नै प्रदान गर्दछन् भन्ने मान्यता समाजमा विद्यमान छ (मञ्जन, २०६३) ।


निजी विद्यालयमा पढाउँदा आफ्ना सन्ततिले योग्य र सक्षम भएर व्यक्तिगत उन्नति गर्न सक्छन् । प्रतिष्ठा कायम गर्न सक्छन् र जहाँसुकै बिक्न सक्छन् भन्ने धारणा पनि समाजमा व्याप्त छ । यसरी सुरुका दिनहरूमा सामाजिक दायित्वको हवाला दिँदै प्रबुद्ध नागरिक नगरा बजाउँदै शिक्षा क्षेत्रमा प्रवेश गरेको निजीकरणले अहिले आएर एउटा रक्सी फ्याक्ट्रीको हैसियत कायम गरेको छ । उही ऐन नियम अन्तर्गत दर्ता र करको दायराभित्र रहेको निजी शिक्षालय व्यापार गरेर पनि गुणस्तर दिन्छ भन्ने आम धारणा रहेको छ (मञ्जन, २०६३) ।

**शैक्षिक समाजशास्त्रको रूपमा शिक्षा**

शिक्षा समाजशास्त्रको एक अङ्ग हो । शिक्षा मानवीय व्यवहारमा परिवर्तन ल्याउने एउटा प्रकृया हो । जबसम्म मानिसमा उपयुक्त ज्ञान, सीप, अनुभव प्रदान गरी बाञ्चनीय परिवर्तन ल्याउन सकिदैन तबसम्म शिक्षा प्राप्त भएको मान्न सकिदैन । शिक्षा एउटा त्यस्तो शक्ति हो, जसले मानविय गुणहरूको विकास गराई पूर्ण मानव बनाउन सहयोग गर्दछ । समाज र व्यक्ति दुवैले शिक्षालाई स्वीकार नगरे यसको छुट्टै अस्तित्व र पहिचान रहन सक्दैन । शिक्षा, समाज र व्यक्तिको संलग्नताबाट नै पूर्णता प्राप्त हुन्छ । त्यसैले शिक्षा एउटा यस्तो गहना हो जसले व्यक्तिको सर्वाङ्गीण विकास गराउँदछ ।

सामान्य अर्थमा व्यक्ति र सामाजिक वातावरण बीचको सम्बन्ध र अन्तरक्रियाको अध्ययन गर्ने शास्त्रलाई शैक्षिक समाजशास्त्र भनिन्छ । शैक्षिक समाजशास्त्रको अध्ययन विना शिक्षाको उपयुक्त विकास हुन सक्दैन । त्यसैले शैक्षिक समाजशास्त्रलाई छुट्टै विधा वा शास्त्रको रूपमा विकसित गरी अध्ययन गर्नुपर्ने आवश्यकता हो ।

शैक्षिक समाजशास्त्रको विकासको इतिहास केलाउँदा ग्रीसेली दार्शनिक एरिस्टोटललाई सम्झनु पर्ने हुन्छ । उनको भनाइमा मानिसले एक्लो जीवन बिताउन सक्दैन, एक्लो जीवन बिताउन सक्ने ईश्वर वा पशु वा राक्षस मात्र हुन सक्दछ । यसको अर्थ हो व्यक्ति सामाजिक प्राणी हो, ऊ समाज बाहिर रहन सक्दैन । यस्तै विचारहरूको हुँदै जाँदा सन् १८३७ मा अगष्ट कोम्टले 'सोसोलोजी' शब्दको प्रयोग र विकास गरे । प्रसिद्ध अमेरिकी दर्शनिक जन डिवेले सन् १९०० मा 'द स्कुल एण्ड सोसाइटी' र सन् १९१६ मा 'डेमोक्रयासी एण्ड एजुकेशन' नामक पुस्तक प्रकाशित गरी समाज र शिक्षाको सम्बन्धमा व्यापकता दिए । प्राचिन समयबाट हालसम्मको शिक्षाको संरचना यस प्रकारबाट विकसित भएको पाइन्छ ।




स्रोतः अधिकारी, २०६६ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

### कालमार्क्सको आर्थिक विकासको सिद्धान्त

आर्थिक विकासको मार्क्सवादी सिद्धान्त प्रणेता दार्शनिक कार्लमार्क्स हुन् । हुन त मार्क्सवादी सिद्धान्तलाई सामाजिक, आर्थिक, राजनैतिक, साँस्कृतिक एवं दार्शनिक पक्षहरू सम्मिलित एउटा समग्र प्रणालीको रूपमा बुझ्ने गरिन्छ । तर यहाँ समग्र मार्क्सवादी अवधारणालाई मात्र सङक्षिप्त रूपमा प्रस्तुत गरिएको छ । कार्लमार्क्सले इतिहासको भौतिकवादी व्याख्या अन्तर्गत के देखाउने प्रयत्न गरेका छन् भने सबै घटनाहरू समाजमा रहेका विभिन्न समुह र वर्गहरूको निरन्तरको आर्थिक सङ्घर्षका परिणामहरू हुन् । उनका भनाइ अनुसार प्रत्येक समाजको वर्ग बनोटमा धनी र गरिब हुने र नहुने वर्गहरू विद्यमान रहन्छन् । उत्पादनको ढााचा र उत्पादनको सम्बन्ध बीचको द्वन्द नै बास्तवमा यी दुई वर्गहरू बीचको सङ्घर्षको मूल कारण हो । किनभने समाजमा उत्पादनका ढाँचा जहिले पनि धनी वा हुने वर्गको समग्र हितको पक्षमा मिलाइएको हुन्छ भने उत्पादनको सम्बन्धी अर्थात् उत्पादनका साधनहरू वा उत्पादनको स्वामित्व पनि ऐतिहासिक रूपले नै उत्पादन शक्तिहरूको विपरित रहँदै आइरहेको हुनछ । त्यसैले उत्पादनको साधनहरूको स्वामित्व विहिन शोषित उत्पादक शक्ति (दास/मजदुर वर्ग) उत्पादनका साधनहरूको स्वामित्व केन्द्रिकृत गर्ने सीमित शोषक (जमिन्दार /पूँजीपति वर्ग) बीचको ऐतिहासिक वर्गीय स्वार्थको निरन्तर लडाइले नै आर्थिक विकासलाई गति दिने प्रयास गरिरहेको हुन्छ । तसर्थ मार्क्सको सिद्धान्त अनुसार उत्पादन सम्बन्ध उत्पादक शक्तिहरूको स्वरूप र उनीहरूको स्तर अनुरूप हुँदै विकसित भएमा मात्रै कुनैपनि अर्थव्यवस्थाले तीब्र रूपमा आर्थिक विकास गर्न सक्दछ । यदि यस्तो हुन नसकेमा अर्थ व्यवस्था लरखराउन थाल्छ । अन्ततः यस्तो अर्थव्यवस्थाको सामाजिक तथा राजनैतिक व्यवस्थाको विनास हुन जान्छ (खनाल, २०६८) ।

### किन्सको रोजगारीको सिद्धान्त

प्रा.जे.एम. किन्सद्वारा लिखित रोजगारी, व्याज र मुद्राको सामान्य सिद्धान्त नामक किताबमा उनले रोजगारी सम्बन्धी सिद्धान्त पेस गरेका छन् । रोजगारीको सोही सिद्धान्तलाई नै किन्सको रोजगारीको सिद्धान्त भनिन्छ । उनका भनाइमा अल्पावधिमा जनसङ्ख्या श्रमदक्षता, प्राविधिक ज्ञान, पुँजीको मात्रा आदि कुराहरू स्थिर रहने गर्दछन् । यस्तो अवस्थामा

आम्दानीको स्तरमा रोजगारीको मात्रा निर्भर गर्दछ अथवा आम्दानी बढ्यो भने रोजगारी बढ्छ । यो आम्दानी र रोजगारी दुवै प्रभावशाली मात्रामा कमि हुने कारणले नै बेरोजगारी अवस्थाको सिर्जना गर्दछ । साधारणतया माग भन्ने शब्दले बस्तु तथा सेवा ग्रहण गर्ने अभिलाषा र सामर्थ्यको बोध गराउँछ । तर किन्सले कुल आम्दानी र कुल खर्चको आधारमा भागको व्याख्या गरेका छन् । कुल आम्दानी भनेको  मानिसहरूले लगानी ज्याला, व्याज, नाफा, तलब, भत्ता आदिको रूपमा प्राप्त गरेको आम्दानीको कुल रकम हो । यो कुल आम्दानीलाई सामुदायिक, सामाजिक, राष्ट्रिय आदि विभिन्न रूपमा व्यक्त गर्न सकिन्छ । यसरी प्राप्त हुन आएको आम्दानीलाई मानिसहरूले उपभोग तथा लगानीमा खर्च गर्ने गर्दछन् । यसैगरी किन्सको विचारमा रोजगारीको स्तरमा वृद्धि गर्नका निमित्त लगानीमा वृद्धि गर्नुपर्दछ र लगानीमा वृद्धि गर्नका निमित्त सरकारी हस्तक्षेप अनिवार्य छ । सरकारी हस्तक्षेपबाट सरकारी तथा निजी लगानीमा प्रेरणा प्राप्त हुने गर्दछ । लगानीको मागमा भएको प्रेरणाले कुल मागलाई नयाँ लगानीका क्षेत्रहरूतर्फ प्रवाहित गराउँदछ । यसरी नयाँ क्षेत्रमा लगानी बढाउँदा बेरोजगार भएर बसेका श्रमिकहरूले पनि रोजगार प्राप्त गर्दछन् । यसरी लगानीको वातावरण सुदृढ भयो भने कोही बेरोजगारी हुँदैन र त्यस्तो अवस्था आयो भने मुद्रास्फूर्तिका अवस्था सिर्जना हुन जान्छ । यसैमा किन्सको धारणा यस्तो छ “जब उपभोक्ताको आयमा वृद्धि हुन्छ तब त्यसले उपभोक्ताको उपभोगमा वृद्धि गराउँदछ । जब व्यक्तिको आयमा वृद्धि हुन्छ त्यसले स्वतः उपभोग र बचत दुवै बढाउँछ । उपभोगको मनोविज्ञानमा यस्तो हुन्छ कि जब कुल बास्तविक आयमा वृद्धि हुन्छ सामुहिक उपभोगमा पनि वृद्धि हुन्छ तर त्यही अनुपातमा होइन जति अनुपातमा आयमा वृद्धि हुन्छ (खनाल, २०६८) ।

वर्तमान समयमा शिक्षा प्रणाली दुई भागमा विभाजित भई अगाडि बढेको छ । एकातर्फ सरकारको लगानीमा सञ्चालित सामुदायिक विद्यालय छन् भने अर्कोतर्फ निजी क्षेत्रमा सञ्चातिल निजी विद्यालय । यी विद्यालय मध्ये अहिले पछिल्ला दिनमा संस्थागत विद्यालयहरू सामुदायिक विद्यालयका तुलनामा बढी लोकप्रिय भएको देखिएको छ । यसो हुनमा आर्थिक विकासको मार्क्सवादी सिद्धान्तले पनि प्रेरित गरेको छ । उनको अध्ययनमा समाजमा दुई वर्ग हुन्छन् धनी र गरिब, हुने र नहुने । आज वर्गीय समाजमा धनी मानिसहरू आफ्ना छोराछोरीहरूलाई सुविधा सम्पन्न विद्यालयमा पढाउन चाहन्छन् । त्यस्ता सुविधायुक्त विद्यालयभित्र अहिले निजी विद्यालयहरू पर्दछन् । हुने वर्गका मानिस शहर

बजारमा बढी केन्द्रित हुन्छन् । त्यसैकारणले निजी विद्यालय बढी फस्टाउने अवस्थामा देखिएका छन् । नहुने र गरिब वर्गका मानिसका छोराछोरी सामुदायिक विद्यालयमा पढ्ने र ज्याला मजदुरीमा लाग्ने गर्दछन् ।

किन्सको रोजगारीको सिद्धान्तमा किन्सले रोजगारीबाट मानिसको आर्थिक अवस्थालाई सुदृढ र सुधारोन्मुख बनाउने गर्दछ । धन र सम्पत्ति आर्जन गर्ने आधार रोजगार पनि हो । यही रोजगारमा लागेका मानिसहरू सुविधा सम्पन्न क्षेत्रमा बसोबास गर्न चाहन्छन् । सुविधा सम्पन्न ठाउँमा आफ्ना बालबालिकाहरूलाई पढाउने उनीहरूको इच्छा हुन्छ । त्यसैकारण उच्च ओहदाका कर्मचारी उच्च आम्दानी गर्ने रोजगार व्यक्तिहरूले आफ्ना छोराछोरीहरूलाई सुधिवा सम्पन्न विद्यालयमा पढाउँछन् । यस्ता सुविधा सम्पन्न विद्यालयहरू निजी विद्यालयको रूपमा क्रियाशिल छन् भने न्यून स्तरको रोजगारका लागि साँझा विहानको छाक टार्न समस्याग्रस्त रहेका कर्मचारीका छोराछोरीप्रति लगानी गर्न सक्ने अवस्था नभएको हुँदा सरकारी रूपमा सञ्चालित सामुदायिक विद्यालयमा पढाउने गर्दछन् । जसका किन्सको रोजगारीका सिद्धान्तले यस अध्ययनमा सामुदायिक तथा निजी विद्यालयमा अध्ययन गर्ने विषयलाई पुष्टि गर्ने प्रयास गरेको छ ।

## २.३ पूर्व साहित्य समिक्षा

यस स्थानमा र यस विषयमा खासै उल्लेखनीय शोधकार्य भएको नपाइएको हुँदा पुनरावलोकन एवम् समीक्षा गर्न सहज नभए तापनि यथासम्भव प्राप्त सामग्रीहरूको यथाशक्य पुनरावलोकन एवम् समीक्षा गर्ने प्रयास गरिरहेको छ ।

सुवेदी (२०६०) ले लेखनाथ नगरपालिकाको सामुदायिक र निजी प्राथमिक विद्यालय मूल्याङ्कन प्रणालीको तुलनात्मक अध्ययन शीर्षकमा शोधपत्र तयार पार्नु भएको छ । यसमा सामुदायिक विद्यालयको मूल्याङ्कन प्रणालीमा विश्वसनीयता नभएकाले विद्यालयमा शैक्षिक गुणस्तर कम हुनु विद्यार्थीको पढाइप्रति रुचि कम हुनु र निजी विद्यालय मूल्याङ्कन प्रणाली निर्माणात्मक हुने र विद्यार्थी उत्प्रेरणाका कार्यक्रम हुने हुनाले विद्यार्थी सङ्ख्या बढेको र सामुदायिकतर्फ कम रहेको तथ्य उल्लेख गरिएको छ ।

ज.व.रा (२०६१) ले 'शैक्षिक ज्योति राष्ट्रिय चौमासिक पत्रिकामा सामुदायिक शिक्षा सिकाई र गुणस्तर ह्रास' नामक लेखकको निष्कर्ष निम्नआनुसार छ । शिक्षक पहिलो सरोकारवाला हो । पूर्ण रूपमा तयारी हुनुपर्छ । अर्को व्यवस्थापन हेर्ने, उसले गहन भूमिका निभाउन नसक्नु यसै गरी कर्मचारी, संगत व्यक्ति, वि.नि लगायतका व्यक्तिहरूले कमजोर निरीक्षण र फितलो परिपाटी नै गुणस्तर ह्रासको कारण हो । साथै सामुदायिक विद्यालयमा शिक्षकको पूर्ण रूपमा तयारीका साथ शिक्षणमा सहभागी नहुनु, कर्मचारी, स्रो व्यक्ति लगायत अभिभावकहरू कमजोर किसिमको उपस्थिति हुने कारण नै यस्ता विद्यालयको शैक्षिक गुणस्तरमा ह्रास भएको हो ।

पन्त (२०६२) द्वारा काठमाण्डौ जिल्लाको सामुदायिक एवम् निजी विद्यालयहरूको टेष्ट परीक्षाको अङग्रेजी विषयमा विद्‍यार्थीहरूले प्राप्त गरेको उपलब्धिको तुलनात्मक अध्ययन गरेका छन् । यस अध्ययनको मुख्य उद्देश्य सामुदायिक विद्यालय र निजी विद्यालयहरूको टेष्ट परीक्षाको अङग्रेजी विषयमा विद्‍यार्थीहरूले प्राप्त गरेको उपलब्धिको तुलनात्मक अध्ययन गरेका छन् ।

पोखरेल (२०६२) ले दलित जातिका बालबालिकाहरूको शिक्षामा सामाजिक तथा आर्थिक अवस्थाले पारेको प्रभाव सम्बन्धी अध्ययनले उनीहरूमा अज्ञानता, गरिवी, कम भू-स्वामित्वका कारण शिक्षा क्षेत्रमा गाह्रो परेको बारेमा उल्लेख गरेको छ । यसो हुँदा अभिभावकलाई शिक्षाको महत्व बोध गराई ज्याला मजदुरीबाट प्राप्त रुपियाँ छोराछोरीको शिक्षामा लगानी गरी विद्यालयहरूको भर्नादर बढाउन संलग्न हुने कुरा औल्याएको छ । यस अध्ययनले निजी विद्यालयमा अध्ययन गर्ने पक्षका बालबालिकाहरूको सम्भावना र चुनौतिका बारेमा पनि कार्य दिशा प्रस्तुत गर्न नसकेकोले यो गर्न लागिएको अध्ययनले बालबालिकाहरूलाई सामुदायिक वा निजी विद्यालयमा कतातर्फ कसरी आर्कषित गरी भर्नादरलाई बढाउन सकिन्छ भन्ने सम्बन्धमा सरोकारवालाहरूलाई सकारात्मक सुझाव प्रस्तुत गर्ने छ र बालबालिकाहरूको शिक्षा प्राप्तिमा कोशेढुङगा सावित हुनेछ ।

भट्टराई (२०६२) लाई अध्ययन गर्दा विद्यालय आउन नसकेका विद्यालय शिक्षाबाट बाहिर रहेका बालबालिकाहरूलाई विद्यालयको हातमा ल्याउनका लागि बाबुआमालाई शिक्षा प्रतिको महत्व बोध गराई प्राप्त हुने निशुल्क शिक्षा, छात्रवृत्ति, पोशाक, खाजा खाने तर्फ समेत प्राप्त

हुन्छ भन्ने बोध गराई शिक्षामा सहभागि गराउनु रहेको छ । जसका कारण सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना बढाउन मद्दत पुग्ने देखिन्छ । सामुदायिकमा गरेको अध्ययन र गुणस्तर कमजोर महशुस गरेमा पछिका दिनमा निजी तर्फ स्थानान्तरण भइ भर्ना हुन सक्ने अवस्था आउँदछ भनी अध्ययनबाट बुझ्न सकिन्छ ।

आचार्य (२०६५) ले 'प्राथमिक तहका विद्यार्थीका विचैमा विद्यालय छाड्नका कारणहरू' विषयमा गरिएको अनुसन्धानले विद्यार्थी भर्नादरमा कमी आएका कुरा देखाएको छ । सामुदायिक विद्यालयको कमजोर प्रशासन, सरकारी पक्षको लापरबाही, बाबुआमाको अन्धविश्वासका कारण,  सामुदायिक विद्यालयमा विद्यार्थी आकर्षण स्थल बन्न सकेको छैन । यस्तो अवस्थामा यो अध्ययन सामुदायिक क्षेत्र भित्र मात्र रहेर अध्ययन गरेकोले अर्को पक्षमा सञ्चालित निजी विद्यालयको अवस्था के छ भनेर पूर्ण रूपमा अनविज्ञ रहेको परिस्थितिमा यसको पक्ष समेत समेटी दुवै विद्यालयमा गरिएको अध्ययनले भावी दिनमा अध्ययन विश्लेषण गर्न सह्रन हुने देखिन्छ । यो शोधपत्र मेरो अध्ययनसँग पूर्ण रूपमा मेल नखाए पनि सामनय मिल्दो जुल्दो रहेको र सामुदायिक विद्यालयमा भर्ना भएका विद्यार्थीहरूलाई टिकाइ राखेर शिक्षा प्रदान गर्ने पक्षमा देखिएका सम्भावना तथा चुनौती दुवै पक्षलाई विश्लेषण गर्न ठानी यसको विश्लेषण गरेको हो ।

पोखरेल (२०६५) को "काठमाडौ जिल्लाको सामुदायिक एवं निजी विद्यालयहरूको पूर्व तयारी परीक्षाको अंग्रेजी विषयमा विद्यार्थीहरूले प्राप्त गरेको तुलनात्मक अध्ययन", मा सामुदायिक विद्यालयको नतिजा संस्थागतको तुलनामा न्यून रहेको र सामुदायीक विद्यालयप्रति सरकारी लगानी खेर गइरहेको, विद्यार्थीको चाप संस्थागत तर्फ केन्द्रित रहेकोले राज्यले पनि यसतर्फ आँखा खोलेर हेर्नुपर्ने सुझाव दिएको छ ।

पोख्रेल (२०६५) ले काठमाडौँ जिल्लाका सामुदायिक र निजी विद्यार्थीहरूले कक्षा ८ को जिल्लास्तरीय परीक्षामा विज्ञान विषयमा प्राप्त गरेको उपलब्धीको तुलनात्मक अध्ययन सम्बन्धी विषयमा अध्ययन गरेका छन् । यस अध्ययनले जिल्लास्तरीय कक्षा ८ मा विद्यार्थी सहभागिता सामुदायिक विद्यालयहरूबाट भन्दा निजी विद्यालयहरूबाट बढी सहभागिता रहेको देखाएको छ ।

उल्लेखित नतिजालाई विश्लेषण गर्दा निजी र सामुदायिक विद्यालयहरूमा औषत उपलब्धि झण्डै दोब्बर रहेको देखिन्छ । यसका आधारमा प्राप्त सुझावमा सामुदायिक विद्यालयको उपलब्धि स्तर सुधार्नु पर्ने देखिन्छ । यही अवस्थामा विद्यार्थीको आकर्षण घट्न सक्छ । निजी विद्यालयको नतिजाको अवस्थालाई अझ सुदृढ बनाउँदै भइराखेको आकर्षणलाई कायमै राख्नु पर्दछ र विश्वास प्राप्त संस्थाले विश्वास दिलाई राख्नु पर्ने सुझाव प्रस्तुत गरेको छ ।

खनाल (२०६८) ले उल्लेख गरे अनुसार सामुदायिक विद्यालयमा अङ्ग्रेजी माध्यमको पठनपाठन नभएको, शिक्षक विद्यार्थी राजनीतिमा सक्रिय, कमजोर भौतिक पूर्वाधार, पुरातन विचारका शिक्षक आदि समस्याले विद्यार्थीको आकर्षण निजी विद्यालयतर्फ आकर्षित भएको र सामुदायिक विद्यालयमा पनि माथिका समस्या गरी अगाडि पर्ने कुरा बताएका छन् ।

डोटेल (२०६८) ले गरेको अध्ययन अनुसार सामुदायिक विद्यालयको कक्षाकोठाको वातावरण, शैक्षिक सामग्रीको कम प्रयोग, विद्यालय सञ्चालन र पढाइ हुने दिन कम हुनु, विद्यालयको सम्पूर्ण जिम्मेवारी प्र.अ. तर्फमात्र थुपार्ने र शिक्षकहरू उम्कन खोज्ने विद्यालय निरीक्षक स्रोतव्यक्तिको सही समयमा निरीक्षण नहुनु, पाठ्यपुस्तक १ वटा बाहेक अरू सबै नेपाली माध्यमबाट पठनपाठन हुने भएकाले सामुदायिक विद्यालयमा निःशुल्क पढाई हुँदा पनि विद्यार्थी तथा अभिभावकहरू निजी विद्यालयमा जहाँ अङ्ग्रेजी माध्यममा पठनपाठन गर्न जान्छन् । यसैले निजी विद्यालयको तुलनामा सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या न्यून रहेको तथ्य रहेको तथ्य उल्लेख गरिएको छ । उल्लेखित शोध अध्ययनहरूको अध्ययन गर्दा यसअनुसन्धान सम्बन्धी शोध अध्ययन गरिएको नपाइएता पनि केही मात्रामा विषयवस्तुहरू मिल्ने हुँदा केही अध्ययन गरिएका शोध अध्ययनहरूको समिक्षा गरिएको छ ।

ढकाल (२०७०) ले उल्लेख गरे अनुसार सामुदायिक विद्यालयहरूमा अङग्रेजी माध्यममा कक्षा सञ्चालन गर्नका लाग राष्ट्रिय स्तरबाट नीति नियम निर्माणको वातावरण मिलाउनु पर्ने, पुराना शिक्षकलाई सही व्यवस्थापन गरी नयाँ र दक्ष जनशक्तिलाई शिक्षकको रूपमा नियुक्ति गर्ने, शिक्षकहरूलाई अङ्ग्रेजी भाषा र पेशागत सिप अभिवृद्धि सम्बन्धी तालिमको व्यवस्था मिलाउनु पर्ने, अङ्ग्रेजी माध्यममा प्रकाशित निजी प्रकाशनका पाठ्यपुस्तकको मूल्य

कम गरी सर्वसुलभ हुन नसकेकोले विद्यालयमा समस्या भएका हुन् । सामुदायिक विद्यालयमा अङ्ग्रेजी माध्यमको शिक्षा सञ्चालन गर्न यी माथिका समस्या शिक्षण हुन सक्छ भन्ने उल्लेख गरिएको छ ।

त्यस्तैगरी केशव ढकाल (२०७०) को, "सामुदायिक विद्यालयमा अंगे्जी माध्यमको शिक्षा, शोधपत्रमा सामुदायिक विद्यालयमा अंग्रेजी माध्यममा कक्षा सञ्चालन गर्नका लागि राष्ट्रिय स्तरबाट नीति नियम निर्माणको वातावरण मिलाउनु पर्ने, पुरानो शिक्षकलाई सही व्यवस्थापन गरी नयाँ दक्ष जनशक्तिलाई शिक्षकको रूपमा नियुक्ति गर्नुपर्ने सुझाव दिएका छन् ।

तिमिल्सिना (२०७१) ले उल्लेख गरेको अध्ययनमा विद्यार्थीहरूलाई सिकाइप्रति उत्प्रेरित गराउन दण्डको सट्टा पुरस्कार दिइएमा उनीहरूको शैक्षिक उपलब्धि राम्रो हुने, विद्यार्थीले रमाइलो तरिकाबाट सिकेका कुराहरू पछिसम्म सम्झने विद्यार्थीलाई सिकाइप्रति उत्प्रेरित गर्न नकारात्मक दण्डले उनीहरूलाई मनोबल कमजोर हुने नराम्रो काममा लाग्ने रिसाउने घमण्डी हुने जस्ता व्यवहार देखाउँछन् भने सकारात्मक दण्डले उनीहरू खुसी भई सही व्यवहार देखाउँछन् भन्ने कुराहरू उल्लेख गरिएको छ ।

तिमिल्सिना (२०७१) का अनुसार सामुदायिक विद्यालयमा तालिम प्राप्त शिक्षक भए तापनि ठूला ठूला चौर भए तापनि कक्षाकोठाको सही व्यवस्थापन नहुने, प्रभावकारी शिक्षणको अभावमा, शिक्षक, प्र.अ. एवम् व्यवस्थापन पक्ष बिचमा समन्वयको कमजोरी, कक्षाकोठा व्यवस्थापनको समस्याको रूपमा देखिएको छ र निजी विद्यालयमा निजी लगानीमा साँघुरो खेलमैदान, तालिम प्राप्त शिक्षकको कमीमा पनि उनहरूको कडा प्रशासनिक व्यवस्थापन, होस्टेल, डे होस्टेलको व्यवस्था गरेर प्रशस्त शिक्षण सिकाइ गरिने हुनाले निजी विद्यालयको एस.एल.सी. को नतिजा सामुदायिक विद्यालयको तुलनामा राम्रो देखिएको तथ्य उल्लेख गरिएको छ ।

यस अध्ययनले सामुदायिक विद्यालयहरूको नतिजा निजी विद्यालयहरूको नतिजा भन्दा न्यून रहेको देखाएको छ । सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, विद्यार्थी तथा उनका अभिभावकहरू समयमै सचेत रहनु पर्ने कुरालई चासो नदिइएका भोलिका दिनहरूमा सामुदायिक विद्यालयका भवनहरू रिक्त अवस्थामा रहन सक्ने दिनहरू आउनेतर्फ नतिजाले

संकेत गरेको छ । त्यसैले यस अध्ययनले समयमा नै सबै पक्षलाई सजग गराउन तर्फ सुझाव दिएको छ । सामुदायिक विद्यालय प्रति सरकारी लगानी खेरा गइरहेको, विद्यार्थीको चाप निजी तर्फ केन्द्रित रहेकाले राज्यले पनि यस तर्फ आँखा खोलेर हेर्न अध्ययनले सुझाव दिने प्रयार गरेको छ ।

प्रस्तुत अध्ययनको शिलशिलामा विभिन्न व्यक्तिहरूले गरेको अध्ययन अनुसार पनि सामुदायिक विद्यालयमा पढाईको गुणस्तर खस्कदै गएको र यसलाई बढी सरकारी निकायबाट पनि अनुगमन गर्नुपर्ने देखिन्छ भन्ने मनसाय तथा सुझाव दिइएको पाइन्छ । जस्तै लेखनाथ पौडेलले २०५४ मा “नेपालमा शिक्षाको विकास नामक पाठ्यपुस्तकमा नेपालमा २ प्रकारको शिक्षाको व्यवस्था समाप्त गरी सामुदायिक विद्यालयमा अंग्रेजी माध्यम लागु गर्ने, लगानी थप गर्ने, सही समयमा निरिक्षण गनुपर्ने आदि जस्ता सुझाव दिएका छन् ।” त्यस्तै गरी कलाधर तिमिल्सना २०७१ को पुरस्कार र दण्डले विद्यालयको शैक्षिक उपलब्धिमा पार्ने असर” अध्ययन अनुसार सामुदायिक विद्यालयमा सबै सुविधा भएता पनि शिक्षक, प्र.अ. एवम् व्यवस्थापन पक्ष बीचमा समन्वयको कमजोरी र कक्षाकोठाको व्यवस्थापनको समस्या देखिएको तथ्य देखाएरका छन् भने निजी विद्यालयमा कडा प्रशासनिक व्यवस्था र होष्टेलको व्यवस्था हुनाले पनि एस.एल.सी.को नतिजा राम्रो आउने कुरा उल्लेख गरेका छन् ।

यसरी विभिन्न समयमा विभिन्न व्यक्तिहरूले गरेको अध्ययन अनुसार पनि सामुदायिक विद्यालयको अवस्था कमजोर हुँदै जाँदा निजी विद्यालयले सुविधा दिएर आफ्नो पकड जमाउन सफल भएको छ भने निजी विद्यालय बीच पनि प्रतिस्पर्धाको रूपमा गुणस्तर दिनो लागि होडबाजी चलेको तथ्य देखाएका छन् ।

यस शोध अध्ययनमा पनि मुख्यतया अभिभावकलाई नै विद्यालय रोजाइको केन्द्रविन्दु मानेर सर्वेक्षण गरिएको थियो जसमा धेरै अभिभावकहरूले सकारी विद्यालयको कमजोर पक्षको कारण नै निजी विद्यालयमा राख्नु परेको र सरकारी विद्यालयमा गुणस्तर शिक्षा प्राप्त गर्न सके सरकारी विद्यालय नै पहिलो रोजाई हुन कुरा बताएका छन् ।

# अध्याय तीन
# अध्ययन विधि

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

यो अध्ययन कास्की जिल्लाको केन्द्रविन्दु तथा सदरमुकाम पोखराको सिमलचौर स्थित २० वटा टोलहरू मध्ये इन्द्रपुरी टोललाई लिइएको छ । यो अध्ययन नितान्त शैक्षिक र आम चासोको महत्व राख्ने समुदायसँग गासिएको विषय हो । वर्तमान परिवेशमा फैलिएको शैक्षिक अराजकता र शिक्षा र समाजसेवाका नाममा खोलिएका निजी विद्यालय व्यवसायिक खेती वनेका छन् । जसले गर्दा हुने खाने. र हुँदा खानेको विचमा रहेको खाडल झन विद्यालयका कारणले पनि देखाइएको छ । यो अध्ययन नितान्त संवेदनशिल क्षेत्र शिक्षासँग रहेको हुँदा आफैमा महत्वपूर्ण छ भने इन्द्रपुरी टोलमा विभिन्न ठाउँहरूबाट बसाई सराई गरेर आएका र धेरै धनि हुनेखाने र कमजोर आर्थिक अवस्थाका अभिभावकहरू पनि त्यहाँ भएकाले विद्यालय रोज्नका लागि कस्तो अन्तर छ भन्ने जिज्ञासाा अनुरूप यस टोललाई छनौट गरिएको हो । विद्यालयको भवन, ड्रेस तथा विभिन्न सुविधाका कारण अभिभावकहरूको मन तान्न सफल निजी विद्यालयहरू सरकारी विद्यालयलाई ओझेलमा पारेको अवस्था देखिन्छ । यिनै तत्कालिन शैक्षिक परिवेशलाई आधार बनाएर तयार पारेको यो अनुसन्धान मुख्य गरेर निम्न दिइएका समस्याहरूको खोजीको लागि गरिएको थियो ।

- समुदायिकसँग गाँसिएको विषय भएकोले यस विषयमा अध्ययन गर्न अत्यन्तै आवश्यकता देखिएकाले ।
- वर्तमान शिक्षा प्रणालीमा देखिएको निजी र सामुदायिक विद्यालय विचको असमान गुणस्तरले सामाजिक विषमता उत्पन्न हुने कारण पत्ता लगाउनु ।
- समुदायका अभिभावकहरूलाई विद्यालय छनौट गर्नका लागि के कस्ता कुराले प्रभाव पारेको छ सो पत्ता लगाउन ।
- समाजको हेराईमा उत्कृष्ट विद्यालय पत्ता लगाउन ।

## ३.२ अनुसन्धानको ढाँचा

कुनैपनि अनुसन्धान कार्यमा अुनसन्धान पद्धतिले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । अनुसन्धानमा उपयुक्त विधि अध्ययनलाई अगाडि बढाइएको हुन्छ । अनुसन्धान विश्वसनियता र प्रभावकारीता कति छ भन्नका लागि त्यो अनुसन्धान कति व्यवस्थित विधिबाट गरिन्छ र त्यो विधि लक्षित उद्देश्य हासिल गर्न कति सार्थक रहन्छ भन्ने कुरामा भर पर्दछ । एउटा वैज्ञानिक अनुसन्धान लागि खास किसिमको अनुसन्धान विधिको प्रयोगबाट वास्तविक गहिराइ पत्ता लगाउन सकिन्छ । सबै खालको अनुसन्धानमा एउटै प्रकारको विधि अपनाइदैन । घटनाको प्रकृति हेरेर विधिको छनौट गरिन्छ । त्यही विधि अवलम्वन गरि घटना तथा समस्याको गहिराइसम्म पुगेर त्यसको सत्य तथ्य पत्ता लगाउन सकिन्छ । किनकी अुनसन्धानबाट समस्याको सही कारण पत्ता लागेमा त्यसको समाधान सम्भाव्य विकल्पहरू खोजि गर्न सजिलो हुन्छ ।

अभिभावकलाई विद्यालय छनौट गर्नाका लागि के कस्ता कुराले प्रभाव पाऱ्यो भन्ने प्रस्तुत अध्ययन विश्लेषणात्मक तथा वर्णात्मक स्वरूपको छ । सो सम्बन्धित क्षेत्र तथा यस विषयमा यो भन्दा अगाडि विशेष अध्ययन गरेको नपाइएकोले यो अध्ययन समग्रमा आर्थिक, सामाजिक, शिक्षा, पेशा धर्म परिवार लगायत अन्य विविध पक्षहरूलाई समेटेर तयार पारिरहेको छ ।

## ३.३ तथ्याङ्कको स्रोत एवं प्रकृति

यस अध्ययनमा समेटिएका तथ्याङ्कको प्रकृति गुणात्मक र संख्यात्मक ढाँचामा रहेका छन् भने तथ्याङ्कहरू प्राथमिक र द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ । प्राथमिक तथ्याङ्कका निम्ति मुख्य गरेर अर्न्तवार्ता अनुसूची माध्यम अपनाइएको छ । द्वितीय तथ्याङ्क सङ्कलन गर्न अन्य पूर्व प्रकाशित पुस्तक पत्र पत्रिका आदिको सहायता लिइएको छ ।

## ३.४ समग्र अध्ययन विधि

यस अध्ययनमा समेटिएका तथ्याङ्कको प्रकृति गुणात्मक र संख्यात्मक ढाँचाका रहेका छन् भने तथ्याङ्कहरू प्राथमिक तथा द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ । यस अध्ययनमा

कास्की जिल्लाको पोखरा नगरपालिका अन्तर्गत वार्ड नं. ८ को सिमलचौर स्थित २० वटा टोलहरू मध्ये उद्देश्यमुलक नमुना छनौट विधिबाट इन्द्रपुरी टोललाई छनौट गरियो । यस टोलका जम्मा १०६ घरधुरी मध्ये विद्यालय जाने गरेका अर्थात् माध्यमिक तहसम्म अध्ययनरत १२४ बालबालिकाहरू र उक्त बालबालिकाका ८६ जना अभिभावकहरूलाई समग्र अध्ययन विधि प्रयोग गरी अध्ययन गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

### अर्न्तवार्ता प्रश्नावली

विश्वसनीयतामा आँच आउन सक्ने सम्भावनाहरू प्रशस्त हुने भएकाले कतिपय अवस्थामा त्यस्ता पक्षहरूको सामना गर्नुपर्ने हुँदा प्रत्यक्ष स्वयम् अध्ययनकर्ता इन्द्रपुरी टोलका जम्मा १०६ घर मध्ये विद्यालय उमेर भएका अभिभावकहरू ८६ घरमा गई घरधुरी सर्वेक्षण विधि गरियो । विद्यालय जाने उमेरका बालबालिका र उक्त बालबालिकाका अभिभावकहरूलाई उनीहरूको घरमा गई शोध अध्ययनको उद्देश्य अनुरूप अर्न्तवार्ता प्रश्नावली मार्फत् तथ्याङ्क लिइएको छ र प्रश्नावली अनुसूचीलाई परिशिष्टमा समावेश गरिएको छ ।

### अवलोकन विधि

अनुसन्धानको क्रममा आफ्नो उद्देश्यलाई पूर्ण गर्न अध्ययन क्षेत्रमा प्रत्यक्ष रूपमा देखिएका उद्देश्यसँग मेल खाने विद्यालय छनौट गर्नका लागि अभिभावकहरूलाई के-कस्ता सामाजिक कारकहरूले प्रभाव पारेको छ भन्ने तथ्य बुझ्नको लागि उत्तरदाताहरूको घरमा गएर सहभागी अवलोकन विधिबाट इन्द्रपुरी टोलमा बसोबास गर्ने बालबालिकाका अभिभावकहरूको सामाजिक अवस्था, पोशाक तथा उनीहरूको बसाइको व्यवस्थापन र उनीहरूको घरायसी वातावरणको अवस्थालाई मूल्याङ्कन गरेर उनीहरूको अवलोकन गरिएको छ । जस्तैः ठूला बङ्गला तथा पक्की घरमा बसेका अभिभावक र भाडामा बस्ने तथा साना झुपडीहरूमा बस्ने अभिभावकको विद्यालय रोजाइमा कस्तो फरक पर्ने रहेछ भनेर सहजिकरणका साथ प्रश्नावली गर्दै उनीहरूले दिएको उत्तरका साथ साथै मनोवैज्ञानिक ढङ्गबाट अवलोकन गरिएको छ ।

### समुह केन्द्रित छलफल

यो अध्ययनको लागि यो समुदायमा बस्ने शिक्षाप्रेमी, सरोकारवाला तथा स्वयम् विद्यार्थीका अभिभावकहरूसँग समुहगत छलफल गरियो । इन्द्रपुरी टोलमा रहेका शिक्षाप्रेमी अभिभावक तथा सरोकारवालालाई टोलको साधारण सभाको अवसर पारेर मिति २०७३/०२/१८ गतेका दिन यो छलफल गरिएको थियो । अध्ययनबाट प्राप्त सूचना र तथ्याङ्कलाई उद्देश्य अनुरूप व्यवस्थित रूपमा राखिएको छ । अध्ययनबाट प्राप्त तथ्याङ्कलाई समुह छुट्टाएर तालिकीकरण गरिएको छ । अन्तमा यी सूचनाहरूलाई अनुसन्धानकर्ताको दृष्टिकोण समेत राखेर गुणात्मक विधिबाट विश्लेषण एवं व्यख्या गरिएको छ ।

अध्ययन गर्ने क्रममा उत्तरदाताहरूले अज्ञात व्यक्तिलाई घरभित्र प्रवेश गराउन र मन खोलुर कुरा गर्न तथा उत्तर दिन गाह्रो मानेको अवस्था भेटिएतापनि आफू पनि एक शिक्षीका भएको र शैक्षिक क्रियाकलापको बारेमा जिज्ञासु भएको कारण बताउँदै सहज कर्ताको भूमिका निभाउँदै उचित समय मिलाएर अन्तवार्ताको वातावरण मिलाइयो । उपयुक्त समयको ख्याल गरेर उत्तरदाताहरूसँग विनम्रताका साथ पारिवारिक ढंगले उनीहरूले दिएको उत्तरलाई सर्वे तालिकामा भर्ने काम गरियो ।

## ३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

कुनैपनि अध्ययन अनुसन्धानको सफलताको मापदण्ड प्राप्त गर्न तथ्याङ्कहरूको प्रभावकारी विश्लेषण तथा प्रस्तुतीकरणमा भर पर्दछ । तसर्थ यस अध्ययन क्षेत्रबाट सङ्कलित कोरा तथ्यहरूको वैज्ञानिक रूपबाट व्यवस्थित गर्न एस्.पी.एस्.एस्. प्रोग्रामको प्रयोग गरी तालिकाको प्रकृति अनुसार वर्गीकरण एवम् विश्लेषण गरिएको छ । तथ्यहरूको प्रकृति हेरेर गुणात्मक तथ्यहरूलाई पनि आवश्यक मात्रामा तथ्यपरक बनाई विश्लेषण गरिएको छ । सङ्ख्यात्मक तथ्यलाई बोधगम्य तरिकाले तालिकीकरण, स्पष्ट पारि तथ्याङ्कहरूको व्याख्या एवम् विश्लेषण गरिएको छ ।

# अध्याय चार

## अध्ययन क्षेत्रको तथ्याङ्क विश्लेषण

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने गण्डकी अञ्चलको कास्की जिल्लामा पोखरा उपमहानगर पालिका पर्दछ । पोखराको पूर्व दिशामा लमजुङ र तनहुँ, पश्चिममा स्याङ्जा र पर्वत, उत्तरमा मनाङ र म्याग्दी तथा दक्षिणमा स्याङ्जा र तनहुँ जिल्लाहरू पर्दछन् । नेपालको राजधानी काठमाडौँबाट करीब २०० कि.मि. को दुरीमा रहेको पोखरा प्राकृतिक एवं सास्कृतिक रूपले धनी भएकाले आकर्षक पर्यटकीय गन्तव्य स्थल पनि हो । ५४.४८ वर्ग किलोमिटरको क्षेत्रफलमा फैलिएको पोखरा समुद्री सतहबाट करीब ७५० मिटरको उचाइमा रहेको छ । राजधानीपछि कै चर्चित शहर त्यसमा पनि पश्चिमाञ्चल क्षेत्रको सदरमुकाम भएका कारणले अनि धेरै प्रकारका सुविधाका कारण विभिन्न जिल्लाहरूबाट बसाइसराइको रूपमा स्थायी वा अस्थायी रूपमा विभिन्न जातहरूको बसोबास हुँदै आइरहेको यो पोखरामा बस्ती तथा जनसङ्ख्याको चाप तीव्र गतिमा बढेको पाइन्छ ।

बढ्दो बस्ती अनि जनसङ्ख्यासँगै शिक्षाको विस्तार तथा विकास भएको यस पोखरा नगरीमा निजी विद्यालयको तीव्र रूपमा प्रतिस्पर्धा रहेको छ भने सरकारी विद्यालय विस्तारै ओझेल पर्ने प्रक्रियामा छन् । विभिन्न ठाउँबाट आएर स्थायी तथा अस्थायी रूपमा बस्दै आएका अभिभावकहरूलाई के कस्ता कुराहरूले विद्यालय छनौट गर्नमा प्रभाव पार्‍यो भन्ने विषयलाई लिएर अध्ययन गरिएको थियो । सो कुराको प्राप्तिको विश्लेषण र व्याख्या यो अध्यायमा गरिएको छ ।

### ४.१ परिवारको किसिमको आधारमा उत्तरदाताहरू

परिवार सामाजिक संरचनाको महत्त्वपूर्ण संस्था हो । सामाजिक आवश्यकता पूरा गर्न तथा विकास प्रक्रिया तथा सामाजिकीकरणको प्रक्रियालाई हस्तान्तरण गर्ने उद्देश्यले दुईभन्दा बढी सदस्यहरूको अन्तरसम्बन्धित तथा अन्योन्याश्रित संस्था नै परिवार हो । विशेषगरी नेपालमा एकल र संयुक्त दुई प्रकारका परिवारहरू पाइन्छन् । आधुनिक युगको एकल परिवारको

बढ्दो चापसँग उत्तरदाताहरूलाई परिवारको किसिम बारे सर्वे गर्दा एकल परिवार बस्नेको सङ्ख्या नै बढी मात्रामा पाइयो । परिवारको किसिम जम्मा २ प्रकारको पाइयो जुन निम्न तालिकामा देखाइएको छ ।

**तालिका ४.१ : परिवारको किसिमको आधारमा उत्तरदाताहरूको विवरण**

| परिवारको किसिम | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एकल | ६२ | ७२.१ |
| संयुक्त | २४ | २७.९ |
| जम्मा | ८६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथि तालिका अनुसार यस समुदायका कुल ८६ परिवारलाई गरिएको सर्वेक्षण अनुसार ६२ परिवार अर्थात् ७२.१ प्रतिशत एकल परिवारमा बसेको पाइयो भने २४ अर्थात् २७.९ प्रतिशत परिवार संयुक्त परिवारमा बसेको पाइयो । माथिको तथ्याङ्क अनुसार वर्तमान परिप्रेक्ष्यमा एकल परिवारमा बस्नका लागि बढी जोड दिइएको तथा संयुक्त परिवारको प्रचलन विस्तारै हट्दै गइरहेको यस अध्ययनबाट पाइयो ।

## ४.२ उत्तरदाताहरूको लैङ्गिक तथा उमेरगत संरचना

उमेर जनसङ्ख्याको एक महत्त्वपूर्ण विशेषता हो । उमेरकै आधारमा सामाजिक हैसियत निर्धारण हुन्छ । व्यक्तिको बच्चा जन्माउने, पढाउने काम गर्ने समय तथा निजी प्रक्रियामा उमेरको प्रभाव परेको हुन्छ । उमेर जैविकीय आधारमा निर्धारण हुने हुँदा यो निश्चित प्रकारको हुन्छ । यस अनुसन्धानमा विशेष गरेर बालबालिकाका अभिभावकलाई केन्द्रित गरेर २० देखि ५० वर्ष सम्मका उमेर समूहका अभिभावकहरू रहेका छन् । उमेरगत रूपमा जम्मा ३ भागमा विभाजन गरिएको छ । जसलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

तालिका ४.२ : उत्तरदाताहरूको उमेरगत विवरण

| उमेर | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| २०-३० | १३ | २२.८ | ६ | २०.६ | १९ | २२.०९ |
| ३०-४० | ३४ | ५९.६ | १४ | ४८.२ | ४८ | ५५.८२ |
| ४०-५० | १० | १७.७ | ९ | ३१.४ | १९ | २२.०९ |
| | ५७ | १०० | २९ | १०० | ८६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिका अनुसार महिला र पुरुष उत्तरदाताहरूलाई विभिन्न समुहमा विभाजन गरेर प्रष्ट पारिएको छ । उक्त तालिका अनुसार कुल उत्तरदाताहरूको सङ्ख्या ८६ रहेको छ । जसमा ३०-४० उमेर समुहका उत्तरदाताहरूको सङ्ख्या बढी देखिन्छ । कुल अभिभावक ८६ मध्ये महिला उत्तरदाताहरूको सङ्ख्या ५७ र पुरुष उत्तरदाताको सङ्ख्या २९ रहेको छ । उक्त तालिका अनुसार ३०-४० वर्षका उमेर समुहका अभिभावकहरू सङ्ख्या जम्मा ४८ ( ५५.८२%) रहेको छ । यसैगरी २०-३० वर्षका र ४०-५० वर्षका उत्तरदाताको उमेर समुह बराबर रहेको छ । २० वर्षभन्दा कम उमेरका र ५० वर्षभन्दा बढी उमेर समुहका अभिभावकहरू प्रजनन क्रियामा संलग्न नभएको तथा प्रजनन क्रिया नाघिसकेको र बालबालिकाहरू विद्यालय स्तरको पढाइ पूरा गरिसकेको हुनाले यी उमेरका अभिभावक शोधकार्यमा समावेश गरिएको छैन ।

## ४.३ जात/जातीयताको आधारमा उत्तरदाताहरू

जात मानव सभ्यताको एक महत्त्वपूर्ण विशेषता हो । समाजमा जातिका आधारमा पेशा, सामाजिक सम्बन्ध, हैसियत र भूमिका निर्धारण रहेको पाइन्छ । वाह्य पमा यस समुदायमा गुरुङ जातिको बाहुल्यता देखिए जस्तो भए पनि सर्वेक्षणको क्रममा ब्राह्मण जातिकै सङ्ख्या बढी देखियो ।

**तालिका ४.३ : जात/जातीयताको आधारमा उत्तरदाताहरूको विवरण**

| जाति | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ब्राह्मण | २० | ३२.७ | ९ | ३६ | २९ | ३३.७ |
| गुरुङ | २१ | ३४.४ | ६ | २४ | २७ | ३१.४ |
| क्षत्री | ८ | १३.१ | ४ | १६ | १२ | १३.९ |
| अन्य* | ५ | ८.२ | ३ | १२ | ८ | ९.३ |
| नेवार | ५ | ८.२ | १ | ४ | ६ | ७.० |
| दलित | २ | ३.४ | २ | ८ | ४ | ४.७ |
| जम्मा | ६१ | १०० | २५ | १०० | ८६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

*अन्य (तामाङ, थकाली र मगर) ।

माथिको तालिका अनुसार उत्तरदाताहरूको संख्यालाई जातसँगै महिला र पुरुष भिन्न भिन्न समुहमा राखेर विभाजन गरिएको छ । कुल ८६ उत्तरदाताहरूमध्ये सबभन्दा बढी ब्राह्मण समुहका रहेका छन् । कुल सङ्ख्याको महिला र पुरुष गरेर ब्राह्मणको सङ्ख्या २९ रहेको छ । जुन कुल सङ्ख्याको ३३.७ प्रतिशत हुन आउँछ । यसैगरी गुरुङ उत्तरदाताहरूको सङ्ख्या जम्मा २७ रहेको छ भने जसमा ३१.४ प्रतिशत हुन आउँछ । त्यसैगरी क्षत्रीको जम्मा सङ्ख्या १२ (३१.४%) रहेको छ भने अन्य जातिहरूमा जस्तै तामाङ, थकाली, मगर लगायत मिश्रित जम्मा ८ (९.३%) पाइयो । यसैगरी नेवार जातका उत्तरदाताहरूको सङ्ख्या जम्मा ६ (७.०%) देखियो । यसैगरी दलित उत्तरदाताहरूको सङ्ख्या सबभन्दा कम देखियो । जसमा जम्मा ४ (४.७%) रहेको छ ।

यसरी जातीय हिसाबले उत्तरदाताहरूको सर्वेक्षण गर्दा यस समुदायमा ब्राह्मण जातिकै बाहुल्यता देखियो । विभिन्न ठाउँबाट बसाइसराई गरेर आएका अभिभावकहरू विभिन्न जातका रहेको पाइयो ।

## ४.४ शैक्षिक योग्यताको आधारमा उत्तरदाताहरू

शिक्षा एउटा यस्तो अस्त्र हो जसले मानिसलाई सही वा गलत छुट्याउन सिकाउँछ । शिक्षाले मानिसलाई सही बाटोमा हिँडाइ उचित निर्णय लिन पनि सिकाउँछ । हरेक

सर्वेक्षणमा जुनसुकै समुदायको जुनसुकै भागको सर्वे गर्दा त्यहाँको शैक्षिक स्थितिको बारेमा बुभ्नु जरुरी हुन्छ। त्यसैले स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्कलाई उत्तरदाताको शैक्षिक विवरण अन्तर्गत तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ४.४ : उत्तरदाताहरूको शैक्षिक विवरण**

| शैक्षिक योग्यता | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | ३ | ३.५ |
| साक्षर | ६ | ६.९ |
| प्रा.वि.तह | १२ | १३.९ |
| मा.वि.तह | ४५ | ५२.४ |
| उच्च शिक्षा | २० | २३.३ |
| जम्मा | ८६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.४ अनुसार कुल उत्तरदाता ८६ जना मध्ये मा.वि. तह पास गर्ने बालबालिकाहरूका अभिभावकहरू ४५ जना अर्थात् ५२.४ प्रतिशत पाइयो भने उच्च शिक्षा हासिल गर्ने अभिभावकहरू २० जना अर्थात २०.३ प्रतिशत पाइयो । त्यसैगरी प्रा.वि.तह पास गर्ने १२ जना अर्थात् १३.९, साक्षर हुने अभिभावकहरू ६ जना अर्थात् ६.९ प्रतिशत र सबैभन्दा न्यून ३ जना अर्थात् ३.५ प्रतिशत अभिभावकहरू पाइयो। शहरी भेकको बसोबास भएपनि विभिन्न गाउँ भेकबाट बसाइँसराई तथा कामको शिलशिलाले आएर बसेका केही उत्तरदाता अभिभावकहरू निरक्षर पनि भेटिए भने नेपालको दोस्रो शहर पोखरा नगरीमा रहेका बसोवास गरेतापनि उच्च शिक्षा हासिल गरेका उत्तरदाताहरूको संख्या पनि न्यून नै पाइयो।

माथिको तालिका अनुसार सबैभन्दा साक्षर रहेको समुदायका अभिभावकहरू सबैभन्दा साक्षर रहेको पाइयो जसमा कुल ८६ मध्ये ५१ (५९.३%) रहेका छन्। त्यसैगरी उच्च शिक्षा गर्ने उत्तरदाताहरूको सङ्ख्या कुल सङ्ख्या ३२ (३७.२%) पाइयो। शहरी भेगको बसोबास भए पनि विभिन्न गाउँ भेगबाट बसाइसराई तथा कामको सिलसिलाले आएर बसेका

उत्तरदाताहरू कोही निरक्षर पनि भेटिए। जसमा कुल उत्तरदाताहरूमध्ये ३ जना उत्तरदाताहरू निरक्षर अभिभावक रहेका छन् ।

नेपालको दोस्रो शहर पोखरा नगरीमा रहेका उत्तरदाताहरू भए पनि उच्च शिक्षा हासिल गरेका उत्तरदाताहरू खासै धेरै नरहेको पाइयो । त्यस्तै बढी मात्रामा महिला गृहिणी भएको उनीहरूले श्रीमानले पढेका र उनीहरूले घरायसी कारण तथा बालबच्चाको कारण पढाइलाई अगाडि बढाउन नपाएको गुनासो पाइयो ।

## ४.५ धर्मका आधारमा उत्तरदाताहरू

नेपाल हिन्दुहरूको बाहुल्यता भएको राष्ट्र हो तर पनि धर्म निरपेक्ष भएकोले यहाँ अन्य धर्म मान्नेहरू पनि प्रशस्त छन् । तथापि यो समुदायमा पनि विभिन्न धर्म मान्ने उत्तरदाताहरू पाइयो । जुन तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.५ : धर्मका आधारमा उत्तरदाताहरूको विवरण**

| धर्म | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ६४ | ७४.४ |
| बौद्ध | १९ | २२.१ |
| अन्य* | ३ | ३.५ |
| जम्मा | ८६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

*अन्य (खिष्टियन)

माथि तालिकामा देखिए अनुसार यस समुदायको अभिभावकहरूको सर्वेक्षण गर्दा हिन्दु धर्मकै बाहुल्यता देखिएको छ। हिन्दु, बौद्ध र अन्य जस्तै क्रिश्चियन धर्म मान्ने अभिभावकहरूको मात्र पाइयो। जसमा हिन्दु धर्म मान्ने उत्तरदाताहरू कुल सङ्ख्याको ६४ (७४.४%) पाइयो । त्यसैगरी बौद्ध धर्म मान्ने १९ (२२.१%) र अन्य धर्म मान्नेमा जम्मा ३ अर्थात् ३.५ प्रतिशत पाइयो। यो समुदायमा बस्ने धेरै मानिसहरू हिन्दु धर्ममा नै आश्रित देखियो ।

## ४.६ पेशाको आधारमा उत्तरदाताहरू

जीविकोपार्जन तथा आर्थिक मामलामा यस समुदायका मानिसहरू पनि विभिन्न पेशामा आबद्ध देखिन्छन्। यस समुदायका मानिसहरू स्थानीय वासिन्दाको अलवा विभिन्न ठाउँहरूबाट बसाई आएका तथा भाडामा बस्ने उत्तरदाताहरूलाई जीविकोपार्जनका लागि के कस्ता पेशाहरूमा संलग्न छन् भन्ने कुरा पनि यस सर्वेक्षणमा शोधकार्य गरिएको थियो। जुन तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ४.६ : पेशाको आधारमा उत्तरदाताहरूको विवरण**

| पेशा | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| व्यापार | ४३ | ५०.० |
| गृहिणी | २४ | २७.९ |
| सरकारी सेवामा | ८ | ९.५ |
| वैदेशिक रोजगारमा | ५ | ५.८ |
| गैर सरकारी संस्थामा | ३ | ३.४ |
| कृषि कार्यमा | ३ | ३.४ |
| जम्मा | ८६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

पेशाको आधारमा सर्वेक्षण गर्दा यस समुदायमा रहेका उत्तरदाताहरू जम्मा ६ प्रकारका व्यवसायमा संलग्न रहेको पाइयो। त्यहाँका स्थायी वासिन्दा तथा बाहिरबाट आएका व्यक्तिहरू पनि धेरै व्यापारमा लागेको पाइयो भने एवं रितले गृहिणीहरूको सङ्ख्या पनि दोस्रो स्थानमा र किसान र गैर सरकारीको रूपमा संलग्न पेशा न्यून पाइयो।

माथि तालिकामा देखाइए बमोजिम व्यापार गर्ने उत्तरदाताहरू कुल सङ्ख्याको ४३ अर्थात् ५०% पाइयो। त्यसपछि गृहिणीको सङ्ख्या बढी छ। जसमा कुल सङ्ख्याको २४ अर्थात् २७.९ प्रतिशत छन् भने शहरी क्षेत्र भए पनि खासै सरकारी जागिर खानेको सङ्ख्या खासै उल्लेखनीय पाइएको छैन। सरकारी जागिरमा आबद्ध उत्तरदाताहरूको सङ्ख्या जम्मा ८ अर्थात ९.५ प्रतिशत मात्र पाइयो भने वैदेशिक रोजगारमा लागेका उत्तरदाताहरू जम्मा ५

जना अर्थात् ५.८ प्रतिशत पाइयो। त्यसैगरी गैरसरकारी तथा खेती किसान गर्ने उत्तरदाताहरू सङ्ख्या जम्मा ३/३ अर्थात् ३.४% पाइयो। यो तथ्याङ्कबाट के देखिन्छ भने यो समुदायमा बस्ने मानिसहरू बढी व्यापारमा संलग्न छन् भने उत्तरदाताहरू बढी मात्रामा महिलाहरू भएकोले गृहिणी भएका र उनीहरूका श्रीमान भने वैदेशिक रोजगार तथा विभिन्न पेशामा आबद्ध भएका छन्। त्यस्तै शहरमा आएर कुखुरापालन तथा गाईपालन गरेर बस्ने उत्तरदाताहरू पनि न्यून मात्र देखियो।

## ४.७ घरको स्वामित्वको आधारमा उत्तरदाताहरू

शहर केन्द्रित ठाउँ भएकाले र विभिन्न ठाउँबा बसाइसराई गरेर आएका तथा आ-आफ्नो जागिर तथा कामको सिलसिलामा बस्दै आएका उत्तरदाताहरू भएकाले उनीहरूको घरको स्वामित्वको आधारमा अभिभावकहरू सो सम्बन्धी प्रश्न गरिएको थियो। उक्त कुराको विश्लेषण निम्न तालिकामा गरिएको छ।

**तालिका ४: ७ घरको स्वामित्वको आधारमा उत्तरदाताहरूको विवरण**

| घरधनी | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| आफैँ | ४८ | ५५.८ |
| भाडामा | ३२ | ३७.२ |
| नातेदार | ४ | ४.७ |
| ससुरा (अंशियार) | २ | २.३ |
| जम्मा | ८६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३।

माथिको तालिका अनुसार जम्मा ८६ उत्तरदाताहरूमध्ये ४८ जना अर्थात् ५५.८ प्रतिशत उत्तरदाताहरूको आफ्नै स्वामित्वमा रहेको घरमा बसेको पाइयो। त्यसैगरी भाडामा बस्ने उत्तरदाताहरू ३२ अर्थात् ३७.२ प्रतिशत पाइयो भने नातेदारहरूका घरमा बस्ने ४ अर्थात् ४.७ प्रतिशत र ससुराको स्वामित्वको घरमा बसेको उत्तरदाताहरू जम्मा २ अर्थात् २.३ प्रतिशत पाइयो।

सर्वेक्षणबाट के देखिन्छ भने शहरी इलाका भएको हुनाले आफ्नै स्वामित्वमा भएका घरहरू लगायत भाडामा बस्नेको सङ्ख्या पनि धेरै नै हुने रहेछ । विभिन्न कारण जस्तो जागिर, काम तथा पढाइका कारणले अन्यत्र ठाउँमा आएका उत्तरदाताहरू भाडामा बसेको पाइयो ।

## ४.८ बालबालिकालाई सुविधा प्रदान गर्ने आधारमा उत्तरदाताहरू

बाल अधिकार बालबालिकाहरूको नैसर्गिक अधिकार हो तापनि यस समुदायका अभिभावक तथा उत्तरदाताहरूले आफ्ना बालबालिकाहरूलाई के कस्तो सुविधा दिन सकेका छन् त ? भन्ने प्रश्न राख्दा उहाँहरूको उत्तर यस प्रकार पाइयो जुन तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.८ : बालबालिकालाई सुविधा प्रदान गर्ने आधारमा उत्तरदाताहरूको विवरण**

| उत्तर | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सुविधा दिएको छु | ६२ | ७२.१ |
| केही मात्र सुविधा दिएको छु | १९ | २२.१ |
| सुविधा दिन सकेको छैन | ५ | ५.८ |
| जम्मा | ८६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथि दिइएको तालिका अनुसार सुविधा दिएका छौं भन्ने उत्तरदाताहरूको सङ्ख्या ७२ अर्थात ७२.१ प्रतिशत रहेका छन् भने त्यति धेरै सुविधा दिन नसकेको अर्थात् जेनतेन विद्यालय पढाइएको छ भन्ने उत्तरदाताहरू १९ जना रहे भने अरुको मद्दतले विद्यालय पढाएको र अरु सुविधा खासै दिन नसकेको गुनासो ५ जना अर्थात् ५.८ प्रतिशत उत्तरदाताको रह्यो । यसरी त्यहाँका बासिन्दाले विशेष गरेर सुविधा दिन सकेको तथा महँगा निजी विद्यालयमा पढाएको पाइयो भने भाडामा बस्ने कसैले निजी कसैले सरकारी विद्यालयमा बालबालिका पढाएको पाइयो । विभिन्न आर्थिक कठिनाइका कारण आफ्ना बालबालिकालाई चाहे जस्तो सुविधा दिन नसकेको गुनासो केही उत्तरदाताहरूको रह्यो ।

## ४.९ बालबालिकाले पढ्ने विद्यालयको आधारमा उत्तरदाताहरू

यो अध्ययन विशेष गरेर निजी तथा सरकारी विद्यालयमा पढ्नको तथा पढाउनको लागि के कुराले प्रेरित गऱ्यो भन्ने सवालमा भएका कारण कति अभिभावकले निजी तथा सरकारी विद्यालयमा बालबालिका पढाएका छन् भन्ने कुरामा केन्द्रित भएकाले सोही विषय सम्बन्धित प्रश्न गर्दा निम्न प्रकारको उत्तर पाइएको छ जुन तल तालिकामा देखाइएको छ ।

**तालिका ४.९: बालबालिकाले पढ्ने विद्यालयको आधारमा उत्तरदाताहरूको विवरण**

| विद्यालयको प्रकृति | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| निजी | ७३ | ८४.८८ |
| सरकारी | १३ | १५.१५ |
| जम्मा | ८६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिका अनुसार कुल ८६ उत्तरदाताहरूमध्ये निजी विद्यालयमा पढाउनेको सङ्ख्या ७३ अर्थात् ८४.८८ प्रतिशत देखिन्छ र सरकारी विद्यालयमा पढाउने उत्तरदाताहरू जम्मा १३ जना अर्थात् १५.३२ प्रतिशत पाइयो । विभिन्न खालका आर्थिक कठिनाइका बाबजुद पनि बालबालिकाको भविष्यको लागि भनेर निजी विद्यालयमा नै पढाउन परेको कुरा धेरै उत्तरदाताहरूको रह्यो । शहरी इलाकामा समय अनुसार तथा छिमेकीको प्रतिस्पर्धा र सरकारी विद्यालयको गिर्दो अवस्थाका कारण निजी विद्यालयमा पढाउन परेको गुनासो धेरै अभिभावहरूको पाइयो । त्यसैगरी सरकारी विद्यालयमा पढाउने उत्तरदाताहरूले पनि चाहेर पनि आर्थिक अभावका कारण सरकारी विद्यालयमा पढाउन परेको गुनासो गरेको पाइयो ।

## ४.१० उत्तरदाताहरूको आर्थिक अवस्था

आर्थिक अवस्थाका कारण पनि अभिभावकले आफुले चाहेको विद्यालयमा पढाउन सकेको हुँदैनन् त्यसैले कस्तो आर्थिक अवस्था भएका अभिभावकले कस्तो विद्यालय रोजेका छन् भन्ने विषयलाई अध्ययन गर्दा उनीहरूको प्रतिक्रिया तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

तालिका ४.१०: उत्तरदाताहरूको आर्थिक अवस्था

| मासिक आम्दानी | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ४०,००० भन्दा माथि | २५ | २९.० |
| २०,०००-४०,००० सम्म | ४८ | ५५.४ |
| १०,००० भन्दा कम | १३ | १५.४ |
| जम्मा | ८६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.१० मा उल्लेख आर्थिक अवस्थाको विवरण विश्लेषण गर्दा यस समुदायमा ४०,००० हजार भन्दा बढी आम्दानी हुने अभिभावकहरू २५ जना अर्थात् २९ प्रतिशत पाइयो । त्यसैगरी २०,०००-४०,००० सम्म आम्दानी हुने अभिभावकहरू ४८ अर्थात् ५५.४ प्रतिशत पाइयो भने १०,०००भन्दा तल आम्दानी हुने अभिभावकहरू जम्मा १३ जना अर्थात् १५.६ प्रतिशत पाइयो । यसरी आर्थिक अवस्था मजबुत रहेका अभिभावकहरूले निजी विद्यालयमा पढाएको पाइयो भने न्यून अथवा कम आम्दानी भएका अभिभावकहरूले कमजोर आर्थिक अवस्थाका कारण सामुदायिक विद्यालयमा पढाएको पाइयो । यसरी आर्थिक अवस्थाले पनि समाजमा भिन्नताको दुरी सिर्जीत भए झैं विद्यालय रोजाइमा पनि भिन्नता पाइयो ।

यसरी समाजमा धनी र गरिव बीचको अन्तरले गर्दा पनि त्यसको प्रत्यक्ष असर शिक्षामा देखिएको पाइयो । जसले गर्दा बालबालिकाहरूमा र अभिभावकहरूलाई समेत यसको असर निजी विद्यालय धनीको लागि र सामुदायिक विद्यालय गरिवको लागि जस्तो तालिका ४.१० बाट पाइन्छ ।

## ४.११ निजी तथा सरकारी विद्यालयमा बालबालिकाहरूको सहभागिता

कुल ८६ उत्तरदाताहरूका पनि जम्मा कति बालबालिकाहरू निजी विद्यालय जान्छन् र कति सरकारी विद्यालयमा जान्छन् भन्ने कुरा यसै सर्वेक्षणमा समावेश गरिएको छ। जुन निम्न लिखित तालिकामा प्रष्ट पारिएको छ ।

**तालिका ४.११: निजी तथा सरकारी विद्यालयमा पढ्ने बालबालिकाहरूको विवरण**

| विद्यालय | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| निजी विद्यालय सहभागिता | १०६ | ८५.४८ |
| सामुदायिक विद्यालय सहभागिता | १८ | १४.५२ |
| जम्मा | १२४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको दिइएको तालिका अनुसार निजी विद्यालयमा नै पढ्ने बालबालिकाहरूको सङ्ख्या अत्याधिक देखियो भने सरकारी विद्यालयमा पढ्नेको सङ्ख्या निजीको तुलनामा ज्यादै न्यून रह्यो ।

अङ्ग्रेजीको बढ्दो माग तथा विदेशतिर अध्ययन गर्न जानेको लहर र सरकारी विद्यालयको खस्कँदो नतिजाको कारण धेरै अभिभावकहरूले आर्थिक मारमा परेपनि सकी नसकी निजी विद्यालयमा पढाउनु पर्ने बाध्यता भएको पाइयो । कुल ८६ जना उत्तरदाताहरूका जम्मा १२४ जना बालबालिकाहरूमध्ये १०६ जना निजी विद्यालयमा र १८ जना सरकारी विद्यालयमा पढाएको पाइयो । निजी विद्यालयमा पढाउने अभिभावकहरूले सरकारीमा निःशुल्क र बढी मान्यता भए पनि निजी विद्यालयमा विभिन्न कारणले पढाउन परेको बाध्यता बताए पनि सामुदायिक विद्यालयको गुणस्तरमा सुधार आएमा उनीहरूले सामुदायिक विद्यालयमा नै बालबालिका पढाउन चाहेको कुरा व्यक्त गरे ।

## ४.१२ समाजको हेराइमा विद्यालय रोजाइको प्राथमिकता

विद्यालयको गुणस्तर र अन्य सुविधाहरूको आधारमा अभिभावकहरू विद्यालयप्रति आकर्षित भएका हुन्छन् । कस्ता प्रकारको विद्यालय उचित हुन्छ भन्ने प्रश्नमा उत्तरदाताहरूबाट निम्न तालिकामा दिए बमोजिम उत्तर पाइयो ।

**तालिका ४.१२: समाजको हेराइमा उत्कृष्ट विद्यालयको आधारमा उत्तरदाताहरूको विवरण**

| विद्यालय | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| निजी उत्कृष्ट मान्नेहरू | २९ | ३३.७ |
| सामुदायिक उत्कृष्ट मान्नेहरू | ५७ | ६६.३ |
| जम्मा | ८६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार जम्मा ८६ उत्तरदाताहरूमध्ये निजी विद्यालयमा पढाउनेको सङ्ख्या धेरै देखिए पनि समाजको हेराइमा उत्कृष्ट विद्यालय भनेर सरकारी विद्यालयलाई नै बढी प्राथमिकता दिइएको पाइयो। अभिभावकहरूले विभिन्न कारणले निजी विद्यालयमा पढाए पनि सरकारी विद्यालयलाई मान्यता दिएको पाइयो। कुल उत्तरदाताहरूमध्ये ५७ अर्थात् ६६.३ प्रतिशतले सरकारी विद्यालय नै उत्कृष्ट बताए भने २९ जना अर्थात् ३३.७ प्रतिशतले निजी विद्यालय नै उचित रहेको कुरा व्यक्त गरे। यसरी धेरै उत्तरदाताहरूले आफ्ना बालबालिकाहरूलाई निजी विद्यालय पढाए पनि सरकारी विद्यालयमा पढाएमा पछि सुविधा पाइने हुनाले सरकारी विद्यालयप्रति नै बढी झुकाव रहेको पाइयो।

सामुदायिक विद्यालय पुरै निःशुल्क र विद्यालय शिक्षा पछिका पढाइहरू जस्तो एम.वि.वि.एस., इन्जिनियरिङ र अन्य संस्थाहरूमा सामुदायिक विद्यालयबाट पास गरेकोलाई छात्रवृत्ति दिने तथा अन्य सुविधा दिने कारणले सामुदायिक विद्यालय नै उत्कृष्ट रहेको अभिभावकहरूले दावी गरेतापनि शिक्षकको लापरवाही तथा अन्य विद्यालय प्रशासनको कारणबाट निजी विद्यालय नै पढाउन परेको कुरा उत्तरदाता बताउछन्।

## ४.१३ विद्यालय छनौटमा प्रभाव पार्ने तत्त्वहरूको आधार

सबै बालबालिकाहरू एकै प्रकारकाको विद्यालयमा पढ्न नजानु या अभिभावकले एउटै प्रकारको विद्यालय नरोज्नुको कारणमा नै यो अनुसन्धान केन्द्रित भएका कारण पछि नै यस विषयलाई प्राथमिकता दिएर सर्वेक्षण गरिएको थियो। आखिर के कस्ता कुराहरूले अभिभावकहरूलाई प्रभाव पार्‍यो त विद्यालय छनौट गर्नमा ? भन्ने विषयलाई सर्वे गर्दा निम्न तत्त्वहरू पाइयो। जुन तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ४.१३: विद्यालय छनौटमा प्रभाव पार्ने तत्त्वहरूको आधारमा उत्तरदाताहरूको विवरण**

| तत्त्वहरू | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| प्रतिस्पर्धी भावना | २८ | ३२.७ |
| हुने खानेको देखासिकी | २५ | २९.१ |
| समयको माग | १९ | २२.१ |
| बालबालिकाको संगत | ७ | ८.१ |
| आर्थिक अवस्था | ७ | ८.१ |
| जम्मा | ८६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

बालबालिकाहरूलाई विद्यालय भर्ना गर्ने सन्दर्भमा के कस्ता तत्त्वहरूले प्रभाव पार्छ भन्ने प्रश्नमा उत्तरदताहरूबाट धेरै उत्तर आए जसमा प्रतिस्पर्धा समयका कारण नै गुणस्तरीय विद्यालय रोज्नु परेको भन्ने उत्तरदाताहरू धेरै भेटिए भने हुने खानेको देखासिकीले गर्दा पनि निजी विद्यालयमा भर्ना गर्न परेको गुनासो मध्यम स्तरीय अभिभावकले गरे ।

तालिकामा देखाइए बमोजिम प्रतिस्पर्धाका कारण निजी विद्यालय रोजेको भन्ने उत्तरदाताहरू जम्मा ८६ मा २८ जना अर्थात् ३२.७ प्रतिशत पाइयो । त्यसैगरी हुने खानेको देखासिकीका कारण भन्ने उत्तरदाताहरू २५ जना अर्थात् २९.१ प्रतिशत रहेका छन् । त्यस्तै समयको माग अनुसार चल्नु पर्ने भएकाले निजी विद्यालयमा भर्ना गर्नु पऱ्यो भन्ने उत्तरदाताहरू १९ जना अर्थात् २२.१ प्रतिशत पाइयो । त्यसैगरी वरपरका बालबालिकाहरूको संगत तथा देखासिकीको कारणले पनि सोही विद्यालयमा भर्ना गर्नु परेको कारण भन्ने उत्तरदाताहरू ७ जना अर्थात् ८.१ प्रतिशत पाइयो । त्यसैगरी आर्थिक अभावका कारण सरकारी विद्यालयमा भर्ना गर्नु परेको गुनासो ७ जना (८%) उत्तरदाताहरूको दिएको पाइयो । यसरी विद्यालय छनौट गर्नका लागि उत्तरदाताहरूलाई विभिन्न तत्त्वहरू प्रभाव पारेको पाइयो ।

## ४.१४ बालबालिका पढाउने संस्थाबाट सन्तुष्टिको आधार

बालबालिकाहरूका अभिभावकहरूलाई पढाउने संस्थाबाट कतिको सन्तुष्टि हुनुहुन्छ भनेर प्रश्न गरिएको थियो र सन्तुष्टिको आधारमा विद्यालय पनि रोजाइमा पर्ने भएकाले उत्तरदाताहरूबाट यस प्रकारको उत्तर पाइयो ।

**तालिका ४: १४ संस्थाबाट उत्तरदाताहरूको सन्तुष्टिको विवरण**

| सन्तुष्टि | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सन्तुष्ट छु | ५३ | ६१.६ |
| केही मात्रामा सन्तुष्ट छु | २३ | २६.७ |
| सुधार गर्नु पर्छ | ६ | ६.९ |
| सन्तुष्ट छैन | ४ | ४.८ |
| जम्मा | ८६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथि दिइएको तालिका अनुसार सन्तुष्टि छौं भन्ने उत्तरदाताहरू कुल ८६ को ५३ जना अर्थात् ६१.६ प्रतिशत रहेको छ भने केही मात्रामा मात्र सन्तुष्टि भएको कुरा २३ जना अर्थात् २६.७ प्रतिशत पाइयो । त्यसैगरी सुधार गर्नु पर्नेमा ६ जना अर्थात ६.९ र सन्तुष्टि नभएको ४ जना अर्थात् ४.८ प्रतिशत पाइयो ।

यसरी बालबालिकाहरू शैक्षिक क्रियाकलाप तथा विवरणमा सन्तुष्टि भएका उत्तरदाताहरू मध्ये धेरै निजी विद्यालय पढाउने अभिभावकहरूले बढी मात्रामा सन्तुष्टि भएको कुरा बताए भने सरकारी विद्यालय पढाउने उत्तरदाता अभिभावहरूले धेरै सन्तुष्टि नभएको गुनासो देखियो । सरकारी विद्यालयमा शिक्षकको निगरानी नहुने तथा विद्यार्थीको पढाइमा खासै खयाल नगरेको कुरा केही सरकारी विद्यालयमा पढाउने अभिभावकको पाइयो । तर आर्थिक अवस्था कमजोर भएर नै सन्तुष्ट नभएपनि सामुदायिक विद्यालय नै पढाउन पर्ने बाध्यता अभिभावकले बताउँछन् ।

## ४.१५ बालबालिकाको विद्यालयमा अभिभावकको सम्पर्क

लगानीका पछाडि सबै व्यक्तिहरूको लगानीको उपलब्धिको ध्यानाकर्षण हुनु स्वाभाविकै कुरा हो । प्रत्येक अभिभावकले आफ्ना नानीबाबुहरूलाई मानसिक तथा आर्थिक लगानी गरिरहेका हुन्छन् । त्यसैले उनीहरूको शैक्षिक प्रगति अवनतिको बारेमा चासो दिएका हुन्छन् । त्यसैले उनीहरू विद्यालय जानुको कारण पनि उनीहरूलाई सोधिएको थियो । जसको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१५ : अभिभावकहरूको विद्यालय भेटघाटको आधार**

| उत्तर | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ४ पटक वा बढी | ५८ | ६७.४ |
| दैनिक | १८ | २०.९ |
| ३ पटक | ६ | ६.९ |
| एक पटक | ४ | ४.६ |
| जम्मा | ८६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार ४ पटक भन्दा धेरै जाने उत्तरदाताहरूको सङ्ख्या ५८ जना अर्थात् ६१.४ प्रतिशत पाइयो । दैनिक जाने उत्तरदाताहरू १८ जना अर्थात् २०.९ प्रतिशत रहेका छन् भने नतिजा प्रकाशन हुँदा मात्र जाने एक शैक्षिक सत्रमा ३ पटक मात्र जाने उत्तरदाताहरू ६ जना अर्थात् ६.९ प्रतिशत पाइयो भने वर्षमा १ पटक मात्र जाने उत्तरदाताहरूको सङ्ख्या ४ अर्थात् ४.६ पाइयो ।

माथिको विवरण हेर्दा के देखिन्छ भने धेरै अभिभावकहरूले आफ्ना बालबालिकाहरूको पढाइप्रति विशेष चासो राखेको पाइयो । त्यस्तै पढाइप्रति चासो हुँदा हुँदै पनि समयका कारण अर्थात् काम व्यवसायमा व्यस्त हुनु परेका कारण चाहेर पनि विद्यालयमा गएर आफ्ना बालबालिकाको विवरण बुझ्न नसकेको पनि केही उत्तरदाताहरूको रह्यो ।

## ४.१६ विद्यालय भेटघाटका आधारमा

अभिभावकहरू विद्यालयमा जानु सामान्य कुरा हो तर पनि विशेष गरेर के कति कारण तथा जिज्ञासाले जाने गर्दछन् भन्ने प्रश्न गर्दा उत्तरदाताहरूबाट यस प्रकारका उत्तर पाइयो । जुन तल तालिकामा देखाइएको छ ।

**तालिका ४.१६ : उत्तरदाताहरूको विद्यालय भेटघाट गर्न जाने कारणको विवरण**

| उत्तर | सङ्ख्या |
|---|---|
| बालबालिकाको पढाइबारे बुझ्न | ८६ |
| बालबालिकाको नतिजा हेर्न | २२ |
| बालबालिकालाई विद्यालय पुऱ्याउन | १९ |
| बालबालिकाको शुल्क तिर्न | १३ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

नोटः *उत्तरदाताहरूको सहभागिताको आँकडा दोहोरिएकोले जम्मा र प्रतिशतमा देखाइएको छैन ।*

माथि तालिका अनुसार उत्तरदाताहरूलाई आफ्ना बालबालिकाहरूलाई विद्यालय कतिको निगरानी गर्नुहुन्छ या विद्यालयमा के को लागि जानु हुन्छ भन्दा माथि तालिकामा दिइएका विवरणका लागि सबै उत्तरदाताहरू जाने गरेको पाइयो तर विशेष प्राथमिकता दिएर धेरै उत्तरदाताहरू बालबालिकाको पढाइप्रति चासो राखेर नै जाने गरेको पाइयो जसमा कुल सङ्ख्याको ३२ अर्थात् ३७.२ प्रतिशत बालबालिकाको पढाइको विषयलाई चासो राखेर जाने गरेको पाइयो भने अघि पछि त्यति जाने समय नभए पनि बच्चाहरूको नतिजा हेर्न जान्छौं भन्ने उृत्तरदाताहरू २२ अर्थात् २५.८ प्रतिशत पाइयो । बालबालिका साना भएका तथा ट्राफिक बढी भएकाले दैनिक पुऱ्याउन जानु पर्छ भन्ने उत्तरदाताहरू १९ अर्थात् २२ प्रतिशत भेटियो र शुल्क तिन जानु पर्छ भन्ने १३ जना अर्थात् १५ प्रतिशत पाइयो ।

यसरी उत्तरदाताहरू विभिन्न कारणले जाने गरे पनि सबैको पढाइप्रति चासो रहेको र समयको अभाव र कामको व्यस्तताले गर्दा धेरैजसो अभिभावकहरू विद्यालय जान नसकेको

गुनासो पाइयो तर सबै अभिभावकहरू विद्यालय जादा उनीहरूको पहिलो उद्देश्य बालबालिकाको पढाईप्रति चासो राख्नु नै पाइयो ।

## ४.१७ विद्यालयबाट सन्तुष्ट नहुनुको कारणहरू

सबै उत्तरदाताहरू आफूले पढाउने संस्थाबाट सन्तुष्टि छन् कि छैनन् या के कस्ता कारणले असन्तुष्टि छन् त भन्ने सवालमा उनीहरूलाई प्रश्न गर्दा निम्न दिइएका कारणहरूले गर्दा असन्तुष्टि रहेको बताए ।

**तालिका ४.१७ : उत्तरदाताहरू सन्तुष्ट नहुनुको कारणका आधारमा उत्तरदाताहरूको विवरण**

| उत्तरहरू | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| शिक्षकको लापरवाही | ३६ | ४१.८ |
| अभिभावकको निगरानीको कमी | २८ | ३२.५ |
| बालमनोविज्ञानको अभाव | १४ | १६.२ |
| कमजोर प्रशासन | ५ | ५.८ |
| अन्य | ३ | ३.७ |
| जम्मा | ८६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

समग्र रूपमा विद्यालयप्रति सकारात्मक तथा सन्तुष्टि भए पनि धेरै अभिभावकहरू केही न केही कुरामा थोरै असन्तुष्टि भएको पाइयो । जसमा शिक्षकको लापरवाही हुने कुरा धेरै अभिभावकहरू (उत्तरदाताहरू) ले बताए । शिक्षकको लापरवाहीले गर्दा सन्तुष्ट नभएको भन्ने उत्तरदाताहरू ३६ अर्थात् ४१.८ प्रतिशत रहेको छ भने अभिभावकको ध्यान नै बालबालिकाप्रति दिन नसकेको भन्ने उत्तरदाताहरू २८ जना अर्थात् ३२.५ प्रतिशत पाइयो । त्यसैगरी बालमनोविज्ञानको अभावका कारण असन्तुष्टि भएको भन्ने उत्तरदाताहरू सङ्ख्या १४ अर्थात् १६.२ प्रतिशत पाइयो भने प्रशासनको कमजोर पक्षले गर्दा बालबालिकाहरूमा अनुशासन लगायत पढाइमा परिवर्तन खासै आउन नसकेको गुनासो ५ जना अर्थात् ५.८ प्रतिशतको पाइयो भने बच्चाको पढाइप्रति लगाव नहुनु, घरमा ध्यान पढाइप्रति समय दिन

नसक्नु तथा बसाइसराई प्रक्रियाले बालबच्चाको स्कुल हेरफेर भएर पनि सन्तुष्टि हुन नसकेको गुनासो ३ जना अर्थात् ३.७ प्रतिशत उत्तरदाताहरूको रह्यो ।

यसरी समग्र उत्तरदाताहरूको उत्तरलाई केलाउँदा सर्वप्रथम शिक्षकहरूले नै विद्यार्थीका पढाइमा निगरानी राख्नु पर्ने र उनीहरूको विशेष निगरानीले तथा लगानीबाट बालबालिकाहरूलाई सही बाटोमा ल्याएर प्रगति हुने कुरा प्रष्ट हुन्छ भने त्यसको साथसाथै अभिभावकको विशेष चासो हुनु पर्ने, प्रशासन राम्रो हुनु पर्ने तथा बालमनोविज्ञानको ज्ञान भएको शिक्षक हुनु पर्ने जस्ता कुराहरू उत्तरदाताहरूबाट पाइयो । यसरी बालबालिकाहरूको चौतर्फी विकासको लागि धेरै कुरामा ख्याल गर्नु पर्छ कुनै एक पक्षीय कुराले मात्र बालबालिकाहरूको प्रगति नहुने कुरा अभिभावकको पाइयो ।

## ४.१८ सरकारी विद्यालयमा भर्ना गर्न प्रेरित गर्ने कारणहरू

बढ्दो निजी विद्यालयको चाहनासँगै र निजी विद्यालयमा पढाउने अत्याधिक अभिभावकहरूको भिडमा केही उत्तरदाताहरू सरकारी विद्यालय पढाउने भेटिए । के कति कारणले उनीहरू सरकारी विद्यालयमा आफ्ना बालबच्चाहरूलाई पढाइरहेका छन् ? भन्ने विवरण तल तालिकामा दिइएको छ ।

**तालिका ४.१८ : सरकारी विद्यालयमा भर्ना गर्नुपर्ने कारणको आधारमा विवरण**

| उत्तर | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| कमजोर आर्थिक अवस्था | ६ | ४६.४ |
| निःशुल्क भएर | ४ | ३०.७ |
| गुणस्तरीय भएर | २ | १५.३ |
| नजिक भएर | १ | ७.६ |
| जम्मा | १३ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिका तालिका अनुसार कुल ८६ उत्तरदाताहरूमध्ये ७३ जना निजी विद्यालयमा र १३ जना सरकारी विद्यालय पढाउने उत्तरदाताहरू पाइयो । कुल उत्तरदाताहरूको १३ जना उत्तरदाताहरूलाई के कस्ता कारणले सरकारी विद्यालयमा पढाउनु भयो भनेर जिज्ञासा राख्दा कमजोर आर्थिक अवस्थाका कारण सरकारी विद्यालय पढाउनु परेको बाध्यता ६ जना अर्थात्

४६.४ प्रतिशतको पाइयो । त्यसैगरी सरकारी विद्यालयबाट नै आफैँ पढ्ने विकास हुने र गुणस्तर पनि हुने भएर भन्ने उत्तरदाताहरू ४ अर्थात् ३०.७ प्रतिशत पाइयो भने निःशुल्क सुविधा भएर किन महँगो विद्यालयमा राख्नु ? भनेर सरकारीमा नै पढाएको भनेर जम्मा २ जना अर्थात् १५.३ प्रतिशत उत्तरदाताहरूको पाइयो । त्यसैगरी नजिक भएको विद्यालय नै बच्चालाई सजिलो र नजिकको संस्थालाई प्रयोगमा ल्याउनु पर्छ भन्ने मान्यताले सरकारी विद्यालयमा राखेको भन्ने उत्तरदाता एक जना पाइयो ।

यसरी सरकारी विद्यालय पढाउने उत्तरदाताहरूमध्ये पनि आर्थिक अवस्था कमजोर भएकै कारण सरकारी विद्यालयको विद्यालयमा पढाउनु परेको र खस्कँदो अवस्था भए पनि सोही विद्यालयमा पढाउनु परेको भन्ने उत्तरदाताहरू धेरै भेटिए ।

## ४.१९ निजी विद्यालय छनौट गर्नुका कारणहरू

सरकारी विद्यालयको सुविधा अनि तालिम प्राप्त शिक्षकहरू हुँदा हुँदै पनि निजी विद्यालयमा किन यति धेरै झुकाव बढ्दो छ ? साथै निजी विद्यालय नै छनौट गर्नु पर्ने कारणहरू के हुन् त भन्ने जिज्ञासामा उत्तरदाताहरू उत्तर यस प्रकार रहेको छ। जुन तल तालिकामा प्रष्ट पारिएको छ ।

**तालिका ४.१९ उत्तरदाताहरूले निजी विद्यालय छनौट गर्नुका कारणको विवरण**

| उत्तर | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सरकारी विद्यालयको गुणस्तरमा कमी | २९ | ३९.७ |
| शिक्षक मेहनती भएर | १८ | २४.६ |
| अङ्ग्रेजी भाषा राम्रो भएर | १४ | १९.४ |
| प्रशासनको निगरानी कडा भएर | ८ | १०.९ |
| अन्य | ४ | ५.४ |
| जम्मा | ८६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथि तालिकामा देखाइए अनुसार कुल ८६ उत्तरदाताहरूमध्ये अत्याधिक सङ्ख्यामा निजी विद्यालय पढाउने उत्तरदाताहरू पाइयो । उनीहरूलाई निजी विद्यालय नै किन रोज्नु भयो भन्ने कारणहरूको शोध कार्य गरिएको थियो । जसमा सरकारी विद्यालयको गुणस्तरमा ह्रास

तथा कमी आएर नै निजी विद्यालयमा पढाउन परेको भन्ने उत्तरदाताहरू जम्मा ७३ मा ३९.७ प्रतिशत पाइयो । त्यस्तै निजी विद्यालयमा शिक्षकले विद्यार्थीहरूलाई बढी मात्रामा पढाइमा निगरानी गर्ने हुनाले शिक्षक मेहनती भएर निजी विद्यालयमा राखेको भन्ने उत्तरदाताहरू १८ अर्थात् २४.६ प्रतिशत पाइयो । अङ्ग्रेजी भाषा राम्रो भएर र पछि आफ्ना बालबालिकाहरूलाई विदेशमा पढ्न जान सजिलो हुने हुनाले निजी विद्यालयमा राखेको भन्ने उत्तरदाताहरू १४ अर्थात् १९.४ प्रतिशत पाइयो भने प्रशासनको निगरानी कडा भएर भन्ने अभिभावकहरू (उत्तरदाताहरू) ८ अर्थात् १०.९ प्रतिशत र बढी बच्चाको हेरचाह राम्रो हुने, खाजाको व्यवस्था हुने, अनुशासित वातावरण हुने आदि कुराहरू भएर भन्नेको सङ्ख्या ४ अर्थात् ५.४ प्रतिशत पाइयो ।

यसरी विभिन्न कारणहरूले गर्दा जस्तै विदेशमा गएर पढ्नु पर्ने तथा रोजगारको लागि वाह्य देश जाने बढ्दो मात्रामा भएकाले अङ्ग्रेजी माध्यम यही जोड दिनु पर्ने, छिमेकीसँगको प्रतिस्पर्धा, बच्चाको चाहना, शिक्षकको मेहनत लगायतका कुराहरूले निजी विद्यालयमा भर्ना गरेको पाइयो । त्यस्तै गरेर सरकारी विद्यालयको लापरवाही र निजी विद्यालयको गुणस्तरको एक आपसको प्रतिस्पर्धाका कारण पनि निजी विद्यालयप्रतिको आकर्षणको अर्को मुख्य पाटो देखिन्छ ।

अध्ययन क्षेत्रमा गएर बालबालिकाका अभिभावकहरूलाई सम्बन्धित विषयमा तथा अन्य व्यक्तिगत, सामाजिक र आर्थिक अवस्थाका बारेमा अध्ययन गरिएको थियो । उनीहरूले दिएको उत्तरलाई तालिकीकरण गरेर यो अध्यायमा देखाइएको छ । अभिभावकहरूले बालबालिकाहरू पढाउने विद्यालय रोज्नुका कारण पत्ता लगाउनु नै यो अध्ययन केन्द्रित रहेको थियो । यो अध्ययन पश्चात् अध्ययन क्षेत्रका धेरै अभिभावकहरू निजी विद्यालयका विभिन्न आकर्षणले गर्दा निजी विद्यालयप्रति नै झुकाव रहेको पाइयो भने सरकारी विद्यालयको गुणस्तर बढाउन सकेको खण्डमा सरकारी विद्यालय नै उचित हुने अभिभावकहरूले बताउँछन् ।

# अध्याय पाँच

# सारांश, निष्कर्ष र सुझाव

## ५.१ अध्ययनको सारांश

विद्यालय समाज तथा सामाजिकीकरणको एक अभिन्न तत्व हो जहाँ विभिन्न वर्ग, धर्म, जातजाति, संस्कृति र परम्पराबाट बालबालिकाहरू अध्ययन गर्न आउँछन् ती सबैलाई समेटेर समय सापेक्ष रूपमा शिक्षा दिक्षा प्रदान गर्नु विद्यालयको मुख्य उद्देश्य हुन्छ । विद्यालयलाई समुदायले आफ्ना सन्ततीहरूको सर्वाङ्गिण विकास गरी उज्जल भविष्यको कामना सहित महत्वपूर्ण जिम्मेवारी सुम्पिएको हुन्छ ।

यस अध्ययनको सिलसिलामा सङ्कलित तथ्याङ्कहरूको विश्लेषण र प्राप्तिका आधारमा निष्कर्षमा पुग्ने क्रममा कास्की जिल्लाको पोखरा-८, सिमलचौरमा अवस्थित इन्द्रपुरी टोलका जम्मा १०६ घरका अभिभावकहरू नमूना छनौटमा पारिएको थियो जसमध्ये जम्मा घरमा पनि कोही विदेशमा बसोबास गरेका र कोहीका बच्चाहरू १० कक्षा पार भइसकेका अथवा कसैका बच्चाहरू विद्यालय जाने उमेर नभएका कारण जम्मा ८६ जना अभिभावकहरू सँग यो अध्ययन सम्बन्धित भएको छ । उनीहरूको विद्यालय छनौट गर्ने क्रियामा के कस्ता कुराहरूले प्रेरित गरेको छ भनी यथार्थ चित्रण गरी प्राप्त प्रतिक्रियाका आधारमा वास्तविकताको चित्रण गरिएको छ । यस आधारमा प्राप्त नतिजाको विश्लेषणात्मक पक्षलाई आधार मानी निष्कर्षमा पुगिएको छ ।

अध्ययनका लागि छानिएको पोखरा उपत्यकाको इन्द्रपुरी टोल शहरी क्षेत्र हो । विकासका पूर्वाधारले सम्पन्न भएको हुनाले यस टोलमा बसाइसराई गरेर आउने मानिसहरूको संख्या तीब्र गतिमा बढी रहेको छ । जसको कारण पनि यहाँ विभिन्न भाषा, धर्म र जातजातिका मानिसहरूको बसोबास रहेको छ । विशेषगरी यस समुदायमा ब्राह्मण, गुरुङ, क्षेत्री, नेवार र दलितका साथै केही मात्रामा अन्य जातिहरूको पनि बसोबास रहेको छ । भने हिन्दु धर्मालम्बीहरूको बाहुल्यता रहेको यस समुदायमा अभिभावकहरूको मुख्य पेसा व्यापार, सरकारी र वैदेशिक रोजगार रहेको छ भने अन्य स्रोतहरूमा गैर सरकारी र कृषिमा पनि न्यून रूपमा रहेका छन् ।

सामुदायिक र निजी विद्यालय अभिभावक तथा विद्यार्थीको अध्ययन गर्ने तथा गराउने रुचिका विषय हुन् । यी विद्यालयहरूमा विद्यार्थी संख्याको अवस्थालाई हेर्दा सामुदायिक विद्यालयभन्दा निजी विद्यालयमा बढी सङ्ख्या भएको देखिन्छ । सामुदायिक विद्यालयमा पढाउने भन्दा निजी विद्यालयमा पढाउने अभिभावकको सङ्ख्या अत्याधिक बढी देखिन्छ । जसले गर्दा सामुदायिक विद्यालयको तुलनामा निजी विद्यालयमा पढ्ने बालबालिकाहरू बढी रहेको पाइयो ।

सामुदायिक विद्यालयप्रति कम चासो भएका र निजी विद्यालयमा बालबालिका बढी हुनुमा आर्थिक अवस्था, अङग्रेजी माध्यम, सहजै देखिने नतिजा, आकर्षक भौतिक व्यवस्था, यातायातको सुविधा, साथीसंगीको संगतका कारण अभिभावकहरूको बढी झुकाव रहेको पाइयो । त्यस्तै सामुदायिक विद्यालयमा बालबालिका कम पठाउनको कारणमा आर्थिक अवस्था कमजोर, शिक्षक राजनीतिमा सक्रिय, कमजोर भौतिक पूर्वाधार, पुरातन विचारका शिक्षक, सङ्घ संगठनको प्रभाव पर्नु आदि कुरा पाइयो । वर्तमानमा आएर राज्यको उच्च शिक्षा अध्ययन छात्रवृत्तिको नियम सामुदायिक विद्यालयबाट एस.एल.सी. उत्तीर्ण गर्ने विद्यार्थीले मात्र प्राप्त गर्ने हुँदा ९ र १० मा केही मात्रामा निजीबाट सामुदायिक विद्यालयमा बालबालिका भर्ना गरेको पाइएको छ ।

निजी विद्यालयको वाह्य चहलपहलले गर्दा र अङग्रेजी भाषाको बढ्दो माग सँगै सामुदायिक विद्यालयभन्दा निजी विद्यालय नै धेरै अभिभावकको रोजाइमा परेको कुरा नकार्न सकिँदैन । जुन तथ्य यस अध्ययनले पुष्टि गरेको छ ।

## अध्ययनका मुख्य प्राप्ति

- एसएलसी पछिको छात्रवृत्ति र अन्य सुविधाले गर्दा निजी विद्यालय पढाए पनि सरकारी विद्यालयप्रति नै धेरै झुकाव रहेको देखिन्छ ।
- बढ्दो मात्रामा युवाहरू विदेश पढ्न चाहने र अंग्रेजीको महत्व झन् थपिँदै गएको हुँदा निजी विद्यालयमा पढाउनै पर्ने गुनासो मध्यम स्तरीय अभिभावकको पाइयो ।
- सरकारी विद्यालयमा भर्खर भर्खर मात्र अङग्रेजी माध्यम शुरु गरे तापनि नयाँ दक्ष जनशक्ति नभएको कारण त्यति प्रभावकारी नभएको अभिभावक तथा बालबालिकाको गुनासो पाइयो ।

- यसै गरी सरकारी विद्यालयमा प्रति कक्षा प्रति शिक्षक नहुनु, तालिम प्राप्त शिक्षकले पनि तालिम बमोजिम शिक्षण नगराउनु, पुरानो भौतिक संरचना, यातायातको सुविधा नहुनु आदिका कारण सरकारी विद्यालय प्रति अभिभावकको सामुदायिक विद्यालयप्रति विकर्षण भएको पाइयो ।
- सरकारी विद्यालयमा पढ्ने विद्यार्थीलाई विशेष छात्रवृत्तिको सुविधा पाउने व्यवस्था भएकाले निजी विद्यालयमा पढाएर पनि फेरि ८ अथवा ९ कक्षादेखि पुनः सरकारी विद्यालयमा पढाउने अभिभावकहरू पाइयो ।
- निजी विद्यालयमा पढाउने अत्याधिक अभिभावकहरूले अङग्रेजी माध्यम राम्रो र गुणस्तरीय शिक्षा भएको कारण नै निजी विद्यालयमा भर्ना गर्नु परेको कुरा बताए ।
- यसै गरी समाजको देखासिकी तथा प्रतिस्पर्धी समय भएको कारण पनि निजी विद्यालयमा पढाउनु परेको गुनासो पनि अभिभावकको पाइयो ।
- निजी विद्यालयमा थाम्न नसकिने शुल्कले गर्दा निजी विद्यालयमा पढाउन गाह्रो भएको र सरकारी विद्यालयमा पढाउन पनि असजिलो हुने अभिभावकहरूको भनाइ छ ।
- सम्बन्धित समुदायका उत्तरदाताहरूको विचारमा अत्याधिक निजी विद्यालयमा पढाउने गरे पनि समाजको हेराइमा उत्कृष्ट विद्यालय भनेर सरकारी विद्यालयकै नाम लिएको पाइयो ।
- धेरैजसो अभिभावकहरू शिक्षकको लापरवाहिका कारण विद्यालयप्रति असन्तुष्ट भएका पाइयो ।
- सरकारी विद्यालयमा पढाउने अभिभावकहरूले कमजोर आर्थिक अवस्था तथा निःशुल्क भएर नै सो विद्यालयमा भर्ना गरेको पाइयो ।
- त्यसै गरी निजी विद्यालयमा भर्ना गर्नु पर्ने कारणमा सरकारी विद्यालयको गुणस्तरमा ह्रास तथा शिक्षकको बढी मेहनत र अङ्ग्रेजीको भाषा राम्रो भएको कारण नै निजी विद्यालयमा राखेको पाइयो ।
- अभिभावकहरू आफ्ना बालबालिकाहरूको पढाइको बारे चासो दिएर नै विद्यालय बारम्बार जाने गरेको पाइयो भने कतिपय अभिभावकहरू काममा व्यस्त हुन परेकोले समय दिन नसकेको गुनासो पाइयो । उनीहरू केवल त्रैमासिक र अन्तिम नतिजा प्रकाशन हुँदा मा जाने गरेको पाइयो ।

## ५.३ निष्कर्ष

पोखरा नगरपालिकाको वडा नं. ८ को इन्द्रपरी टोलका जम्मा ८६ घरका अभिभावकलाई अध्ययनको केन्द्रबिन्दु बनाएर गरिएको यो अनुसन्धानमा उनीहरूलाई विद्यालय छनौट गर्नमा कस्ता कुराले प्रेरित बनायो भन्ने विषयमा केन्द्रित थियो । अध्ययनको क्रममा छनौट गरिएको अधिकांश अभिभावकहरूले आफ्ना बालबालिकाहरू निजी विद्यालयमा पढाएको पाइयो भने न्यून अभिभावकहरूले मात्र सरकारी विद्यालयमा पढाएको भेटियो । सरकारी विद्यालयमा पढाउने अभिभावकहरूले न्यून आर्थिक अवस्थाका कारण नै सरकारी विद्यालय पठाउन परेको बाध्यता देखियो ।

निजी विद्यालय हुने खानी र शिक्षामा पहुँच हुने वर्गका व्यक्तिको मा हुँदा कमजोर र न्यून आय हुने मानिसहरूले त्यस्ता लगानी गर्नु पर्ने हुँदा त्यो खर्च जुटाउन नसक्दा पनि उनीहरू नचाहेर पनि सरकारी विद्यालयमा पढाउन बाध्य भएका अभिभावकहरूले सरकारी विद्यालयमा राम्रो नतिजा दिन नसक्नु, सरकारी लगानीको बारेमा जानकारी गराउन नसक्नु, जति विद्यार्थी भए पनि जागिर खान पाइने भन्ने शिक्षकको सोचका कारण विद्यार्थीको सरकारी विद्यालय प्रति रुची नभएको अभिभावकहरूको भनाइ छ । यसै सन्दर्भमा किन्सको रोजगारी सिद्धान्तको पनि मनिसहरूको आम्दानी वृद्धि सँगसँगै खर्च गर्ने, गुणस्तरीय सेवा लिने प्रवृत्तिका कारण गुणस्तरीय शिक्षाको मागका आधारमा सरकारी विद्यलायले त्यस्तो सेवा दिन नसकेका कारण विद्यार्थीका आकर्षण घट्दै गएको पुष्टि गर्दछ । त्यसैगरी कालमार्क्सको आर्थिक विकासको सिद्धान्तमा पनि नहुने र कमजोर वर्गका मानिसहरूले चर्को शुल्कमा शिक्षा लिन नसकि यसतर्फ अभिभावकको मन निजी विद्यालयप्रति विकर्षण बढेको देखिन्छ । एकातर्फ न्यून आय र अर्कोतर्फ महङ्गीका कारण आफ्नो खर्च चलाउन नसक्नाले पनि अभिभावकहरूको आर्थिक पाटो कमजोर बनेको छ ।

त्यसैगरी सामुदायिक विद्यालयमा पढाउने अभिभावकहरू, कमजोर आर्थिक अवस्था भएका र विहान बेलुका छाक टार्नका लागि पनि काममा जोतिनु पर्नुका कारणले पनि विद्यालय प्रति ध्यान पुऱ्याउन नसकेको कुरा स्वकिार गरेका छन् । यस्ता बालबालिकाहरूका अभिभावकका शिक्षण प्रक्रियामा रहेको शुन्य लगानीका कारण पनि नतिजा त्यस्तै आउने कुरा अभिभावकहरू बताउँन् । भनिन्छ मामाको धन फुपुको श्राद्ध त्यस्तै सरकारको लगानीमा उनीहरूको कुनै वास्ता छैन । अध्ययन गर्ने क्रममा स्वयम् विद्यार्थीहरूलाई पनि प्रश्नोत्तर

गरिएको थियो । विद्या निकेतन आवासिय मा.वि. मा कक्षा ४ मा पढ्ने आज्ञा पौडेललाई तिमी किन निजी विद्यालयमा नै पढ्यौ त भन्दा उनीले यसरी जवाफ दिइन् "सफा र आकर्षक पोशाक, घरमै गाडी आउने, शिक्षक शिक्षिकाहरूले नियमित पढाउने, विभिन्न अतिरिक्त क्रियाकलापहरू भइरहने, खेल सामग्रीहरूको व्यवस्था" आदि कारणहरूले गर्दा निजी विद्यालयमा पढेको बताइन् ।

अभिभावकहरूले भविष्यका आशाका किरणहरूलाई जता बढी आशा हुन्छ त्यसै पढाउने गरेको कुरा बताए । प्रायजसो अभिभावकहरूले निजी विद्यालयका शिक्षकहरू समय समयमा घरमै आउने, पढे नपढेका बुझ्ने, सम्झाउने गर्ने हुँदा निजी विद्यालय प्रति विश्वास रहेको बताए । यसरी नै अभिभावकहरूको विद्यालय छनौट प्रक्रियामा के कस्ता सामाजिक कुराहरूले प्रभाव पार्‍यो, यसबाट प्राप्तिको अवस्था के छ, यसलाई नजिकबाट अध्ययन गर्दा सरोकारवाला प्रतिक्रियाका आधारमा आकर्षणका पक्षहरूमा अभिभावकहरूको मन जित्नु, कक्षा अनुसार शिक्षक, नियमित अनुगमन, दैनिक गृहकार्य परीक्षण, सुझाव, निमाृणात्मक परीक्षा प्रणालीमा जोड, सहजै देखिने उच्च नतिजा, रिजल्टको विश्वसनीयता र वैधताका साथसाथै खेल सामग्री, आकर्षक र आरामदानी फर्निचर, सफा र आधुनिक विद्यालय भवन, यातायातको सुविधा जस्ता पक्षले विद्यार्थी तथा अभिभावक आकर्षित भएको छलफलबाट नतिजा प्राप्त भएको छ । यो आदि कुराहरूले प्रभावित भए तापनि निजी विद्यालयका कमी कमजोरहिरू पनि धेरै रहेको सरोकारवालाहरूले औल्याए । जस अन्तर्गत महंगो शुल्क अनावश्यक पाठ्य पुस्तक, तालिम अप्राप्त शिक्षक, छिटो र छोटो समयमा शिक्षक फेरबदल, छात्रवृत्ति प्राप्त हुन नसक्नु जसले भोलिको अवसर गुम्न जाने यथार्थतालाई भन्दा नक्कल र देखासिकीलाई जोड दिँदा यसतर्फ समस्या उत्पन्न हुन सक्ने देखिन्छ ।

## ५.४ सुझाव

मानव सभ्यता र संस्कृतिको विकास सँगसँगै शिक्षाको पनि क्रमिक विकास भएको हो । परापूर्वकालदेखि नै शिक्षा एउटा महत्त्वपूर्ण पक्षको रूपमा देखिएको छ । यसले सामाजिक प्रणालीलाई अज्ञानताबाट ज्ञानततर्फ, अध्यारोबाट उज्यालोतर्फ अग्रसर गराई सम्पूर्ण मानव जातिमा युगान्तकारी परिवर्तन ल्याउँछ । त्यसैले विद्यालय पनि एउटा सामाजिकीकरणको संस्था हो । विद्यालयको उचित व्यवस्थापन र प्रभावकारी शैक्षिक प्रक्रियाले मात्र परिवार, समाज र राष्ट्रको समुन्नत विकास सम्भव हुन्छ । त्यस्तै विद्यालय सामाजिकीकरणको पनि

एक अभिन्न अङ्ग समेत भएको हुँदा विद्यालयमा उचित पाठ्यक्रम सहित विद्यालयको वातावरण पनि राम्रो हुनुपर्ने आवश्यक छ । समाजको चाहना अनुसार नै शिक्षाको खाका बनाइनुपर्छ । अध्ययनले पुष्टि गरेको निष्कर्ष पश्चात् निम्न सुझावहरू प्रस्तुत गरेकी छु ।

- सरकारी विद्यालयप्रति अभिभावकहरूले नैराश्यता देखाएको हुँदा सरकारी पक्षबाट विद्यालय अनुगमन पक्षलाई सबल रूपमा अगाडि बढाउनु पर्ने देखिन्छ ।
- सरकारले निरन्तर निगमन र अनुगमन गरी नीति नियम र मापदण्डको दायरामा ल्याउनु पर्दछ ।

# सन्दर्भ सूची


अधिकारी, विष्णुप्रसाद (२०६४), **प्राथमिक शिक्षा दिग्दर्शन**, काठमाडौः आशिष पुस्तक भण्डार ।

अधिकारी, डिपी (२००४), **बुटबल नगरपालिकाका सामुदायिक तथा संस्थागत विद्यार्थीको उपलब्धिको तुलनात्मक अध्ययन**, अप्रकाशित सोध ग्रन्थ, स्नातकोत्तर तह शिक्षा शास्त्र संकाय, त्रि.वि. किर्तीपुर ।

अधिकारी, रविन्द्र (२०७२), **विद्यालय शिक्षामा पुनसंरचना**, अप्रकाशित शोधपत्र स्नातकोत्तर, शिक्षाशास्त्र संकाय, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

आचार्य, शिवप्रसाद (२०६५), **प्राथमिक तहका विद्यार्थीहरूले बिचमै विद्यालय छाड्नुका कारणहरू** (अप्रकाशित शोधपत्र), त्रि.वि.शिक्षा शास्त्र सङ्काय, तानसेन बहुमुखी क्याम्पस पाल्पा ।

कोइराला, विद्यानाथ (२०६४), **शिक्षामा बैकल्पिक चिन्तन**, काठमाडौः सामाजिक अनुसन्धान र सामाग्री विकासका लागि प्राज्ञिक ग्रन्थ ।

के.सी., ध्रुव (२०६६), **विद्यार्थीका दृष्टिमा सामुदायिक र संस्थागत विद्यालयहरूः एक तुलनात्मक अध्ययन**, प्यावसन स्मारिका, पोखरा प्याब्सन, कास्की ।

खनाल, शेषकान्त (२०६८), **सामुदायिक र संस्थागत विद्यालयमा विद्यार्थीको सहभागिता**, स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र संकाय, पृथ्वी नारायण क्याम्पस, पोखरा ।

ज.ब.रा. (२०६१), **शैक्षिक ज्योति राष्ट्रिय चौमासिक पत्रिका**, काठमाडौं : मकालु बुक्स एण्ड स्टोर्स ।

डोटेल, मुकुन्दप्रसाद (२०६८), **निःशुल्क सामुदायिक विद्यालय शिक्षाको प्रभावकारिता**, स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र संकाय, पृथ्वी नारायण क्याम्पस, पोखरा ।

तिमिल्सिना, कलाधर (२०७१), **पुरस्कार र दण्डले विद्यालय तहको शैक्षिक उपलब्धिमा पार्ने असर**, स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र संकाय, पृथ्वी नारायण क्याम्पस, पोखरा ।

तिवारी, शिवप्रसाद (२०७१०, **सामुदायिक विद्यालयप्रति सरोकारवालाको सहभागिता र चासो**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र संकाय, पृथ्वीनारायण क्याम्पस ।

ढकाल, केशव (२०७०), **सामुदायिक विद्यालयमा अङ्ग्रेजी माध्यमको शिक्षा**, स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र संकाय, पृथ्वी नारायण क्याम्पस, पोखरा ।

पन्त, विष्णु प्रसाद (२०६२), **काठमाडौं जिल्लाको सामुदायिक एवं संस्थागत विद्यालयहरूको टेस्ट परीक्षाको अङ्ग्रेजी विषयमा विद्यार्थीहरूले प्राप्त गरेको तुलनात्मक अध्ययन**, (अप्रकाशित शोधपत्र) त्रि.वि. शिक्षाशास्त्र सङ्काय, काठमाडौं : महेन्द्र रत्न क्याम्पस ताहाचल ।

पाठक, २०७२), **संस्थागत विद्यालयका शिक्षकहरूको कार्य सन्तुष्टि**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र संकाय, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

पोखेल, ऋषिराम (२०६२), **दलित जातिका बालबालिकाको विकास**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

पोखरेल, नविनराज (२०६५), **काठमाडौ जिल्लाको सामुदायिक एवम् संस्थागत विद्यालयका विद्यार्थीहरूले कक्षा ८को जिल्लास्तरीय परीक्षामा विज्ञान विषयमा प्राप्त गरेको उपलब्धिको तुलनात्मक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र संकाय, काठमाडौ, महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

पौडेल, आनन्द (२०४९), **शिक्षा शास्त्र र नेपालमा शिक्षा**, काठमाडौः आशिष बुक्स एण्ड स्टेसन्स ।

पौडेल, आनन्द (२०६७), **शिक्षा शास्त्र र नेपालमा शिक्षा**, काठमाडौः आशिष बुक्स एण्ड स्टेसन्स ।

भट्टराई, केशवप्रसाद (२०६२), **छात्रवृत्ति प्रभावकारिता अध्ययन प्रतिवेदन**, काठमाडौं सेरिड ।

मञ्जन, विनोद (२०६३), **शिक्षामा निजीकरण यसको समाजमा असर, हाम्रो सम्पदा राष्ट्रिय**, मासिक, अनामनगर, काठमाडौं ।

राउत, कुमार (२०६१), **संस्थागत तथा सामुदायिक विद्यालय व्यवस्थापन एक तुलनात्मक अध्ययन**, अप्रकाशित शोधपत्र, शिक्षा शास्त्र संकाय, कीर्तिपुरः त्रिभुवन विश्वविद्यालय ।

वाग्ले, मनप्रसाद (२०६४), **शिक्षाको प्रारम्भिक परिचय**, काठमाडौः विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, गोपीनाथ (२०५०), **नेपालको शैक्षिक इतिहास**, काठमाडौः लुम्बिनी पुस्तक भण्डार ।

शर्मा, प्रयाङ्गराज (१९७७), **जात, सामाजिक, गतिशिलता र सांस्कृतिकरण**, कैलाश पत्रिका काठमाडौं ।

शिक्षा आयोग (२०६१), **नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरूको संग्रह**, बागबजार, काठमाडौः आशिष पुस्तक भण्डार ।

शिक्षा ऐन (२०२८) संशोधन सहित शिक्षा नियमावली (२०४९), काठमाडौः कानुन किताब व्यवस्थापन समिति ।

सापकोटा, त्रिभुवन (२०६७), **नेपालमा शिक्षा योजनाको अभ्यास तथा सान्दर्भिकता**, अप्रकाशित शोधपत्र स्नातकोत्तर तह, शिक्षा शास्त्र संकाय, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

सुवेदी, महादेव (२०६०), **लेखनाथ नगरपालिकाको सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयको मूल्याङ्कन प्रणाली**, स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र संकाय, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

क्षत्री, गणेश र रामचन्द्र रायमाझी (२०६१), **मानवशास्त्र र समाजशास्को परिचय**, काठमाडौँ : एसिया पब्लिकेसन ।

# अनुसूचि १

## अन्तवार्ता प्रश्नावली

## विद्यार्थीका लागि सोधिएका प्रश्नहरू

**विद्यालय छनौटका लागि अभिभावकलाई प्रभाव पार्ने सामाजिक कारकहरू)**

**(पोखरा -८, सिमलचौर स्थित इन्द्रपुरी समुदायका विद्यार्थीहरूको समाजशास्त्रीय अध्ययन)**

१. तिम्रो नाम के हो?

_______________________________________________

२. तिमी कति कक्षामा पढ्छौ ?

_______________________________________________

३. तिम्रो बाबुआमा के गर्नुहेन्छ ?

_______________________________________________

४. तिमी कुन विद्यालयमा पढ्छौ ?

(क) सामुदायिक (ख) संस्थागत

५ यदि सामुदायिक विद्यालमया पढछौ भने किन ?

_______________________________________________

६. यदि संस्थागत विद्यालयमा पढ्छौ भने किन ?

_______________________________________________

७. सामुदायिक विद्यालयमा अंग्रेजी माध्यममा पढाई हुँदा हुँदै किन संस्थागत विद्यालय रोज्यौ ?

_______________________________________________

८. तिम्रा दिदी बहिनी/दाजुभाई कुन विद्यालयमा पढ्छन् ?

यदि सामुदायिक विद्यालमया पढ्छन् भने किन ?

_______________________________________________

यदि संस्थागत विद्यालयमा पढ्छन् भने किन ?

_______________________________________________

९. तिम्रा मिल्ने साथीहरू कुन विद्यालयमा पढ्छन्?

(क) सामुदायिक (ख) संस्थापक

१०. सबै साथीहरू किन एउटै विद्यालयमा पढ्दैनन?

________________________________________

११. तिम्रो विद्यालयमा पढाउने संस्थाबाट तिमी सन्तुष्ट छौ ?

(क) छु (ख) छैन

१२. तिमीले पढ्ने विद्यालयहरूबाट कस्ता सुविधाहरू पाएका छौ ?

________________________________________

१३. तिमीले पढ्ने विद्यालयमा अझै कस्ता-कस्ता सुविधाहरू भैदिए जस्तो लाग्छ ?

________________________________________

१३. तिमी यो विद्यालयमा तिम्रो आफ्नो इच्छाले पढेको हो कि? तिम्रो अभिभावकको इच्छाले पढेको हो ?

________________________________________

# अनुसूचि २

## अभिभावकलाई सोधिएका प्रश्नावली

१. परिचयः

उत्तरदाताको नामः मितिः

ठेगानाः सम्पर्क नं.

उमेरः .................. लिङ्गः .................

पेशाः .................................. जातिः ............................

धर्मः ...................................... परिवारको किसिमः ...........................

परिवारको संख्याः .......................

शिक्षाः (क) निरक्षर (ख) साक्षर (ग) उच्च शिक्षा (घ) अन्य ...

२. आर्थिक विवरण

१. तपाई बसिराख्नुभएको घर कस्तो प्रकारको हो ?

(क) आफ्नै (ख) इष्टमित्र (ग) भाडामा

२. तपाईको मासिक आम्दानी कति छ ?

३. तपाईको मुख्य आयश्रोत के हो?

(क) कृषि (ख) जागिर (ग) व्यापार (घ) अन्य

४. तपाईको घरको घरमुली को हुनुहन्छ ?

(क) पति (ख) ससुरा (ग) सासु (घ) आफै

५. तपाईको आम्दानीले बालबालिकालाई कत्तिको सुविधा दिन सक्नुभएको छ ?

(क) छु (ख) छैन (ग) केही मात्रामा

३. सामाजिक विवरण

१. तपाईको परिवारमा बालबालिका कस्तो विद्यालय पढ्ने गर्दछन् ?

(क) निजी (ख) सरकारी

२. घरायसी निर्माणमा तपाईको कस्तो भूमिका छ ?

(क) सक्रिय (ख) निष्कृय (ग) निम्न (घ) मध्यम

३. विद्यालय छनौटमा समाजको प्रभाव हुने गरेको पाइन्छ ?

(क) पाइन्छ (ख) पाइदैन

४. यदि छ भने के कारणले प्रभाव परेको छ ?

(क) हुने खानेको देखासिकी (ख) बालबालिकाका संगत

५. समाजको हेराइमा कस्तो विद्यालय उचित मानिन्छ ?

(क) निजी (ख) सरकारी

४. कार्य क्षेत्र विवरण

१. तपाईका छोराछोरी कति छन्?

(क) १ (ख) २ (ग) ३ भन्दा माथि

२. तपाईको विद्यालय जाने उमेरका बालबालिका कति छन् ?

(क) १ (ख) २ (ग) ३ भन्दा माथि

३. तपाईका बालबालिका सरकारी विद्यालयमा पढ्छन् कि निजी विद्यालयमा पढ्छन् ।

(क) सामुदायिक (ख) संस्थागत

४. कति कति कक्षामा पढ्छन् ?

५. तपाइले पढाउनु भएको संस्थाबाट सन्तुष्ट हुनुहुन्छ ?

(क) छु (ख) छैन (ग) ठिकै मात्रा (घ) सुधार गर्नुपर्छ

६. तपाईको बालबालिकाको नतिजाबाट सन्तुष्ट हुनुहुन्छ ?

(क) छु (ख) छैन (ग) थोरै सन्तुष्टि (घ) सुधार गर्नुपर्छ

७. विद्यालयमा वर्षमा कति पटक जाने गर्नुहुन्छ ?

(क) १ पटक (ख) २ पटक (ग) ३ पटक

(घ) ४ पटक भन्दा माथि

८. तपाईले विद्यालय किन जानुहुन्छ ? बालबालिकाको पढाइको निगरानी कसरी गर्नुभएको छ ?

९. तपाईले सामुदायिक विद्यालय रोज्नुको कारण के हो?

(क) निःशुल्क भएर (ख) नजिक भएर (ग) कमजोर आर्थिक अवस्था

(घ) गुणस्तरीय भएर (ङ) अन्य ...

१०. तपाईले निजी विद्यालय रोज्नुको कारण के हो?

(क) अंग्रेजी भाषा राम्रो भएर (ख) शिक्षक मिहिनति भएर

(ग) बच्चाको चाहना भएर (घ) सरकारी विद्यालयको गुणस्तरीय शिक्षामा ह्रास आउनाले

# अनुसूचि ३

## अध्ययन क्षेत्रको नक्सा

